भारतीय स्थल सेनाध्यक्ष पांडे नेपाल आउँदै | पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २५ • अंक १०४ • २०७९ साल भाद्र १६ गते बिहीबार (1 September, Thursday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

# प्रत्यक्ष चुनाव नलड्ने निधिको घोषणा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा निर्वाचन क्षेत्र नम्वर ३ मा कांग्रेस संगठनात्मक रुपमा सर्वाधिक मजबूत मानिएको नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले प्रत्यक्ष चुनाव लड्न खुट्टा कमाउन थालेका छन् । प्रत्यक्ष चुनाव नलड्ने घोषणा गर्दै उनी समानुपातिक तर्फ जाने प्रयास थालेका छन् ।

नेपाली कांग्रेसको धनुषा निर्वाचन क्षेत्र नम्वर ३ को क्षेत्रीय भेला र अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै नेता निधिले नेपाली कांग्रेस गठबन्धन प्रति इमान्दार रहेको दाबी गरे । तर, उनी आफू चुनाव नलड्ने घोषण गर्दै गठबन्धनलाई सहयोग गर्ने बताए ।




नेता निधिले गत महिना क्षेत्रको सर्वेक्षण गराउँदा आफ्नो अवस्था समृद्ध नरहेको यकिन गरेका थिए । नेता निधिले स्थानीय तहको निर्वाचनमा पाँच दलीय गठबन्धन विरुद्ध गरेको कृयाकलापले उनीप्रति असन्तुष्टि बढेको सर्वेमा देखाइएको स्रोतले जनाएका छन् । नेता निधि गठबन्धन विरुद्ध नेपाली कांग्रेसका विद्रोही उम्मेदवार मनोजकुमार साहलाई समर्थन गरेका थिए । त्यसले पनि नेता निधिप्रति असन्तुष्टि देखिएको छ ।

नेता निधिले जसपाका उम्मेदवार विरुद्ध कम्मर कसेरनै लागेका कारण उनी गठबन्धनमा आवद्ध दल जसपावाट आफूलाई असुरक्षित ठान्दै आएका छन् । एमालेको पकड पनि राम्रो र सम्पन्न स्थानीय तहको निर्वाचनमा मुखियापट्टी मुसहरनियामा जसपा प्रमुख सहित विभिन्न वडाहरुमा विजयी भएपछि निधि त्यसले पनि प्रत्यक्ष चुनाव लड्नवाट व्याक हुन चाहेका छन् । नेता नधि गठबन्धन भन्दा पनि लोसपालाई बढी प्राथमिकता दिने गरेका छन् ।

नेता निधिले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)लाई नेपाली कांग्रेस सित गठबन्धन गराउन प्रयासरत्त छन् । निधिले केही हप्ता पूर्व लोसपाका वरिष्ठ नेता तथा धनुषा निर्वाचन क्षेत्र नम्वर ३ का सांसद राजेन्द्र महतो संग गोप्य भेटवार्ता गरेका थिए ।

स्रोतहरुका अनुसार नेता निधिले प्रतिनिधिसभामा महतोलाई सहयोग गर्ने सम्भावना बलियो छ । एमालेवाट धनुषा निर्वाचन क्षेत्र नम्वर ३ मा जुली महतो प्रत्यक्ष उम्मेदवारी दिने तयारीमा जुटेकी छन् । उनको

> **पाँच दलीय राजनीतिक गठबन्धन बीच धनुषामा सिटको तालमेल हुने सम्भावना विद्यमान छ । तर, गठबन्धन नभए जिल्लाको सवै निर्वाचन क्षेत्रमा एमालेको अवस्था अपेक्षाकृत बलियो हुनेछ ।**

सक्रियता दिनप्रतिदिन बढ्दै गएको देखिन्छ । नेता निधिले लोसपाका वरिष्ठ नेता महतोलाई समर्थन गरे पनि एमाले नेतृ महतो भारी उम्मेदवार हुने आकलन गरिएको छ । प्रतिनिधिसभाको पछिल्लो निर्वाचनमा एमालेले लोसपाका नेता महतोलाई पूर्ण समर्थन गरेको थियो । एमालेकै समर्थनका कारण महतोले निधिलाई पराजित गर्न सफल भएका थिए । नेता निधि प्रत्यक्ष चुनाववाट भागे संगै धनुषाको कांग्रेस राजनीतिमा उथलपुथल हुने त्रास बढेको छ । निधि प्रत्यक्ष चुनाव नलड्दा धनुषा निर्वाचन क्षेत्र नम्वर ३ को (क) वाट उम्मेदवारी दिने प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्री समेत रहेका कांग्रेस नेता राम सरोज यादव र धनुषा निर्वाचन क्षेत्र नम्वर ४ को प्रतिनिधिसभामा उम्मेदवारी दिने पार्टीका सह-महामन्त्री महेन्द्र यादवको अवस्था कमजोर हुन सक्ने चर्चा चल्न थालेको छ ।

प्रदेश मन्त्री यादव र कांग्रेस सह-महामन्त्री महेन्द्र यादव निधिका विरोधी मानिन्छन् । पार्टीको आन्तरिक चुनावमा निधिलाई चुनौती दिएका यादवद्वयलाई चुनावमा सबक सिकाउन निधिले प्रत्यक्ष चुनाव लड्नवाट पछि हटेको बताइन्छ ।

पाँच दलीय राजनीतिक गठबन्धन बीच धनुषामा सिटको तालमेल हुने सम्भावना विद्यमान छ । तर, गठबन्धन नभए जिल्लाको सवै निर्वाचन क्षेत्रमा एमालेको अवस्था अपेक्षाकृत बलियो हुनेछ ।

धनुषाको समग्र राजनीतिमा कांग्रेसको निर्वाचन क्षेत्र नम्वर ३ मा हुने निर्णयले अत्यधिक प्रभाव पार्ने सम्भावना छ ।




# रेणु पुत्र अभिषेक सिफारिसमा परेनन्

**टुडे समाचारदाता**

जनकपुरधाम । गत निर्वाचनमा सप्तरी निर्वाचन क्षेत्र नं. ४ को ख वाट प्रदेश सभावाट निर्वाचित सांसद अभिषेक यादवको नाम आगामी मंसिर ४ गते हुने निर्वाचनकोलागि सिफारिस गरिएको छैन् । पार्टीका नेतृ रेणु यादवका पुत्र अभिषेक गत निर्वाचनमा प्रत्यक्षबाट निर्वाचित भएका थिए ।

रेणु यादवले पार्टी भित्र गरेको विद्रोहले उनी अहिले पार्टीमा निष्क्रिय छिन् । भौतिक पूर्वाधार तथा यातायात मन्त्रीवाट फिर्ता बोलाउँदा रेणु यादव पार्टी अध्यक्ष उपेन्द्र यादव विरुद्ध उत्रेकी थिइन् । उनले पार्टी अध्यक्ष उपेन्द्र यादव विरुद्ध लागेपछि अहिले उनका छोरा अभिषेकको आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनकालागि सिफारिस गरिएको छैन् ।

प्रतिनिधिसभा निर्वाचनका लागि जनता समाजवादी पार्टी (जसपा) अध्यक्ष उपेन्द्र यादवको नाम सिरहा क्षेत्र नम्बर १ र २ बाट पनि सिफारिस गरिएको छ । मंगलबार बसेको क्षेत्रीय समितिको बैठकले अध्यक्ष यादवको नाम सिफारिस गरेको हो ।

यसअघि प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवार बन्न उनको नाम बारा क्षेत्र नम्बर २ बाट पनि सिफारिस भएको छ । २०७४ को प्रतिनिधिसभा निर्वाचनमा उनी सप्तरी क्षेत्र नम्बर २ बाट निर्वाचित भएका हुन् ।

सिरहा र बारा दुवै ठाउँबाट नाम सिफारिस भए पनि उनी कहाँबाट चुनाव लड्नेबारे प्रष्ट पारेका छैनन् । सिरहा क्षेत्र नम्बर २ बाट अध्यक्ष यादवका साथै मधेश प्रदेशका कृषिमन्त्री विजयकुमार यादव र पूर्वराज्यमन्त्री शत्रुध्नप्रसाद सिंहको नामसमेत सिफारिस गरेको छ ।

अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा सिरहा २ बाट नेकपा माओवादी केन्द्रका सुरेशचन्द्र दास निर्वाचित भएका थिए । कांग्रेस परित्याग गरेका दासलाई माओवादी केन्द्रले उम्मेदवार बनाएको थियो । त्यतिबेला माओवादी केन्द्र र एमालेले तालमेल गरेको थियो। दास २० हजार १४८ मत ल्याएर प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए।

तत्कालीन संघीय समाजवादी फोरमबाट उम्मेदवार बनेका उनका निकटतम प्रतिद्वन्द्वी शत्रुध्नप्रसाद सिंह १७ हजार २६० मत ल्याएर पराजित भए ।

अघिल्लोपटक जितेकोले सिरहा २ आफूले पाउनुपर्ने माओवादीको दाबी छ । गठबन्धन हुने भएपछि अघिल्लोपटकभन्दा घटक दलको अवस्था थप मजबूत देखिन्छ।

यद्यपि जसपाले यो क्षेत्र पाए अध्यक्ष यादव त्यही क्षेत्रबाट चुनाव लड्नसक्ने सम्भावना रहेको बताइएको छ । उनले चुनाव नलडेको अवस्थामा जसपा कार्यकारिणी सदस्यसमेत रहेका प्रदेसका कृषिमन्त्री विजय यादव चुनाव लड्नसक्ने चर्चा छ । अघिल्लोपटक पार्टीको निर्देशनमा प्रदेससभा सदस्यमा चुनाव लडेका उनी प्रतिनिधिसभामा उक्लिन चाहेका छन्।






राजविराज । पूर्व-पश्चिमी राजमार्गअन्तर्गत सप्तरीको शम्भुनाथ नगरपालिकास्थित तारखाना खोलामा निर्माणाधीण पक्की पुल । तस्विर : रासस

# सशस्त्र प्रहरीद्वारा करोडौंको अवैध सामान बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा सशस्त्र प्रहरीको टोलीले एक महिनाको अवधिमा करोडौंको अवैध सामान बरामद गरेको छ । सशस्त्र प्रहरी मधेश प्रदेश प्रमुख डिआईजी गणेश ठाडा मगरको बिशेष निर्देशनमा आठवटै जिल्लाबाट छुट्टाछुट्टै गस्ती टोलीले करोडौंको अवैध सामान बरामद गरेको हो।

गत साउन मसान्तमा ४ करोड ५२ लाख, ४३५ रुपैया बराबरको भारत बाट अवैधरूपमा भित्रयाइएको कपडा, किराना, हार्डवेयर लगायत सामान बरामद गरी आवश्यक कारवाहीका लागि सम्बन्धित निकायको जिम्मा लगाइएको डीआईजी मगरले जानकारी दिए ।



त्यसैगरी १ करोड ८४ लाख, ६५ हजार बराबरको तस्करी लगायत विभिन्न अवैध काममा प्रयोग भएको ६७ थान सवार ीसाधन सशस्त्र प्रहरीले बरामद गरेको छ । स्रोत नखुलेको १७ लाख,८२५ रुपैया बरामद गर्नुका साथै विभिन्न गैरकानूनी काममा लागेका १९ जनालाई पक्राउ गरी कानूनी कारवाहीको दायरामा ल्याएको सशस्त्र प्रहरी नेपाल छिनमस्ता वाहिनी बर्दिबासले जनाएको छ। त्यस्तै, ६ लाख ६१ हजारको चौपाया,८ लाख १६ हजार बराबरको अवैध काठ,बरामद गर्नुका साथै ५५ सय थान विभिन्न प्रकारको लागूऔषध,७६० किलोग्राम गाँजा बरामद गरेको छ। सशस्त्र प्रहरीको सक्रियताले विगतको भन्दा तस्करी कम हुँदै गएको दाबी गरिएको छ ।

# फोहर वन क्षेत्रमा नफाल्न पत्र

धरान । धरानउपमहानगरपालिकाले कुहिने फोहर व्यवस्थापन गरे पनि नकुहिने फोहर व्यवस्थापन गर्न सकेको छैन् ।



उपमहानगरपालिकाले वर्षौंदेखि १५ नं वडाको बाँझगरा सामुदायिक वनअन्तर्गत तीनकुनेमा फोहर फाल्दै आएको छ।

फोहर फालिएको स्थानमा जलाउने गर्नाले सडकमा समेत प्रदूषण बढेको छ । यस विषयमा आवाज उठेपछि बाँझगरा सामुदायिक वन उपभोक्ता समूहले केही समय अगाडि उचित व्यवस्थापन गर्न उपमहानगरसँग अनुरोध गरेको थियो ।

उपमहानगरले कुनै सुनुवाइ नगरेको सामुदायिक वन उपभोक्ता समूहका उपाध्यक्ष कुमार भारतीले बताउनुभयो । समूहले जिल्ला डिभिजन वन कार्यालय सुनसरीलाई समेत जानकारी गराएको थियो । समूहले वनलाई जानकारी गराएपछि वन कार्यालयले चासो देखाएर उपमहानगर र सव डिभिजन कार्यालय पाँचकन्यालाई पत्र लेखेको छ।


डिभिजन वन कार्यालय सुनसरीका डिभिजन अधिकृत भीमबहादुर कालिकोटेद्वारा हस्ताक्षरित पत्रमा उपमहानगरपालिकाबाट निस्किएका प्लास्टिकजन्य बस्तु तथा नकुहिने फोहर सामुदायिक वन क्षेत्रभित्र सेउती खोला किनारमा फाल्ने गरेको बुझिएकाले उपमहानगरसँग समन्वय गरी सहरी क्षेत्रबाट निस्केका फोहरमैला वन क्षेत्रमा नफाल्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ।

कालिकोटेले यही भदौ १२ गते सव डिभिजनलाई पत्र लेख्नुभएको छ। सोही पत्र पाँचकन्याले बाँझगरा सामुदायिक वनलाई बोधार्थ दिइएको छ । जिल्लाको पत्र आएलगत्तै पाँचकन्या सव डिभिजनले सामुदायिक वनअन्तर्गत तीनकुने क्षेत्रमा फोहर नफाल्न उपमहानगपालिकालाई पत्राचार गरेको छ ।रासस

# अनधिकृत संरचना हटाउन निर्देशन

कर्णाली । वीरेन्द्रनगर नगरपालिका-३ वडा कार्यालयले सार्वजनिक जग्गा अतिक्रमण गरी अनधिकृतरूपमा बनाइएका संरचना हटाउन निर्देशन दिएको छ।

वडाध्यक्ष विनोदसिं विष्टले मङ्गलबार ३५ दिने सार्वजनिक सूचना जारी गर्दै सार्वजनिक जग्गा, सडक अतिक्रमण र नक्सापास स्वीकृतिबिना निर्माण गरिएका संरचना हटाउन निर्देशन दिनुभएको हो ।



सूचनामा सम्बन्धित व्यक्तिले अटेर गरी नहटाएमा वडा कार्यालयले नियमानुसार हटाउने उल्लेख छ । वडाध्यक्ष विष्टले नगर कार्यपालिकाको पहिलो बैठकले गरेको निर्णयमा टेकेर आफूले सार्वजनिक जग्गाको संरक्षण तथा व्यवस्थापनको कदम चालेको बताउनुभयो ।

उहाँका अनुसार गत जेठ २३ गते बसेको नगर कार्यपालिका बैठकको निर्णयअनुसार सार्वजनिक जग्गाको लगत लिई सोको उचित संरक्षण र सार्वजनिक गर्ने उल्लेख छ ।

वीरेन्द्रनगर-३ मा सडक, खोला अतिक्रमणको समस्या बढी छ । खोर्केखोलाको क्षेत्र मिचेर घर निर्माण गरिरहेकाले वर्षात्मा बाढी र कटानको समस्या देखिएको छ ।रासस

# छयत्तर जनामा डेङ्गुको सङ्क्रमण पुष्टि

चितवन । चालु आर्थिक वर्षको साउन महिनामा ७६ जनामा डेङ्गुको सङ्क्रमण पुष्टि भएको छ। नौ सय ८९ जनाको परीक्षणका क्रममा सो संख्यामा डेङ्गुको सङ्क्रमण पुष्टि भएको हो ।



गत वर्षको साउनमा छ जनामा मात्रै सङ्क्रमण देखिएको थियो । स्वास्थ्य कार्यालय चितवनका अनुसार साउन महिनामा सङ्क्रमण देखिनेमा खैरहनी र रत्ननगर नगरपालिकामा बढी रहेको छ।

कार्यालयका सूचना अधिकारी राम केसीका अनुसार जिल्लाको भरतपुर अस्पताल, राप्ती, खैरहनी, रत्ननगर, भरतपुरको शिवनगर, माडीलगायतका अस्पतालमा डेङ्गु रोगको परीक्षण गरिँदै आएको छ। उहाँले भन्नुभयो, यो वर्ष डेङ्गुको सङ्क्रमण फैलिने जोखिम उच्च छ।' भदौ, असोज र कात्तिक डेङ्गुका लागि उच्च जोखिमका महिना रहेको उहाँले बताउनुभयो।

डेङ्गु ज्वरो एडिज जातको पोथी लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने गर्दछ । यो लामखुट्टेले प्रायः बिहान र साँझ टोक्ने गरेको पाइन्छ । डेङ्गुको सङ्क्रमण देखिए एक्कासि ज्वरो आउने, ज्वरो पाँच/सात दिनसम्म रहने, आँखाका गेडी तथा टाउको दुख्ने, शरीर कटकट दुख्ने, जोर्नी, हड्डी तथा मांसपेशी दुख्ने, शरीरमा बिमिरा आउने जस्ता लक्षण देखापर्ने उहाँले जानकारी दिनुभयो।

भरतपुर अस्पतालका वरिष्ठ फिजिसियन डा कालीदास अधिकारीले अहिले दिनहुँजसो डेङ्गुका बिरामी अस्पताल आउने गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, पहिलाको भन्दा अहिले डेङ्गुका बिरामीको संख्या बढ्दो छ।' डा अधिकारीका अनुसार अहिले डेङ्गुका बिरामीको वृद्धिदर पाँचदेखि सात प्रतिशत रहेको छ। डेङ्गु रोगको सङ्क्रमणबाट बच्नका लागि पूरा बाहुला भएको कपडा लगाउने, झुलभित्र सुत्ने, घर वरिपरि सरसफाइ गर्नुपर्ने उहाँले बताउनुभयो।

घर वरिपरि भएका खाल्डा पुर्ने र पानी जम्ने ठाउँ भए त्यहाँ हप्तामा एक पटक मट्टितेल छर्कने गर्नुपर्ने स्वास्थ्य कार्यालय चितवनले जनाएको छ । गत आर्थिक वर्ष जिल्लामा पाँच हजार चार सय ५४ जनाको परीक्षण गर्दा तीन सय तीन जनामा डेङ्गुको सङ्क्रमण देखिएको थियो ।रासस

# कमसल चामल बेच्ने भारतीय नागरिक पक्राउ



**टुडे समाचारदाता**

रौतहट । इन्डियन ब्राण्डको चामलको बोरामा कमसल चामल राखेर बेच्ने एकजना भारतीय नागरिक पक्राउ परेका छन् । रौतहटको गौर नगरपालिका-१ रामजानकी धर्मशाला नजिकै चामल पसल गरी बस्ने भारतको बिहार राज्य सीतामढी जिल्ला बैरगनिया घर भएका ४४ वर्षीय राजेन्द्रप्रसाद गुप्तालाई प्रहरीले पक्राउ गरेको हो।

इन्डियन ब्रान्डको बोरामा स्थानीय कमसल जातको चामल प्याकिङ गरेर बिक्री गर्ने गरेको पाइएपछि उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । स्थानीयले दिएको सूचनाका आधारमा पुगेको प्रहरीले उनलाई पक्राउ गरेको डिएसपी सुनिल मल्लले जानकारी दिए।

इन्डियन ब्रान्डेड बोरामा कमसल चामल भरिरहेको अवस्थामा गृप्तालाई पक्राउ गरिएको डिएसपी मल्लले भने । प्रहरीले गोदामबाट प्याकिङ गर्न ठिक्क पारिएको खुला चामल ५० बोरा, प्याकिङ गरिएको चामल २९२ बोरा, १२० वटा खाली बोरा र एक थान बोरा सिलाउने मेसिन बरामद गरेका छ।

प्रहरीद्वारा गुप्ताले सञ्चालन गरिरहेको चामल पसल, गोदाम सबैमा सिलबन्दी गरी ताला लगाइएको छ। यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# भिजिट भिसामार्फत मानव बेचविखन

काठमाण्डु । भ्रमण भिसाको दुरुपयोग गरी मानव बेचविखनका घटना सार्वजनिक हुन थालेपछि प्रहरीले कडा निगरानी थालेको छ। यही भदौ ८ देखि ११ गतेसम्ममा प्रहरीले भ्रमण भिसामा जान लागेका झण्डै दुई सय व्यक्तिको कागजात शङ्कास्पद देखिएपछि उनीहरुलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट फिर्ता गरेको थियो ।

उनीहरुमाथि अनुसन्धान गर्ने क्रममा ३९ जनालाई नक्कली कागजात बनाएर भ्रमण भिसा दिई कुवेतमा बेचविखन गर्न लागेको खुलेको प्रहरीको मानव बेचविखन तथा अनुसन्धान ब्युरोका प्रवक्ता प्रहरी उपरीक्षक दानबहादुर मल्लले जानकारी दिनुभयो । त्यसमा केही व्यक्ति संलग्न रहेका पाइएकाले उनीहरुको खोजीकार्य सुरु भएको उहाँले बताउनुभयो ।

नेपाल सरकारले घरेलु कामदार पठाउन रोक लगाएको कुवेतमा पठाउने क्रममा यही भदौ ८ गते त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलबाट पीडितलाई फिर्ता गराएको थियो । पीडितलाई फ्रि-भिसा फ्रि-टिकटमा कुवेतमा घरायसी काममा लगाइदिने र आकर्षक तलब मिल्ने प्रलोभन दिइएको पाइएको छ। ती गिरोहले पीडितको आवश्यक पासपोर्टलगायतका कागजातसमेत आफैं बनाई महिला र पुरुषलाई काठमाडौंमा ल्याएर राख्ने गरेको खुल्न आएको छ।

उनीहरुका कागजात जाँच गर्दा नक्कली रहेको फेला परेको छ । गैरकानूनीरूपमा कुवेत लैजान लागेको पुष्टि भएपछि पीडितले आवश्यक कानूनी कारवाहीका लागि ब्युरोमा जाहेरी दिएको मल्लले बताउनुभयो ।

आरोपीमाथि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसार अनुसन्धान भइरहेको र खोजीकार्य जारी रहेको ब्युरोले जनाएको छ। उनीहरुको नाम भने ब्युरोले खुलाएको छैन ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथुन | : धन बृद्धि सञ्चय । |
| कर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : वाद विवादबाट बच्नु । |
| बृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : सुख समृद्धि हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# टेकुको फोहर व्यवस्थापन दुई दिनमा



काठमाण्डु । विगत चार महिनादेखि टेकु स्टेसनमा थुपारिएको सबै फोहरको अन्तिम व्यवस्थापनको काम आगामी दुई दिनभित्र सकिने भएको छ । सिसडोल र बञ्चरेडाँडाका स्थानीयवासीले विगतमा महानगरसँग भएको सम्झौताअनुसार सडक मर्मतको काम समयमा नै सम्पन्न नगरेको, स्थानीयवासीलाई स्वास्थ्य, शिक्षा, रोजगारीको व्यवस्थाजस्ता माग पूरा नगरेको भन्दै कहिले फोहर बोकेको गाडी तोडफोड र कहिले सडकनै अवरोध गरेपछि विगत चार महिनादेखि काठमाडौँ उपत्यकाको फोहर टेकुमा अल्पकालीन व्यवस्थापन गरिएको थियो ।

उपत्यकाको सडक छेउछाउमा पनि लामो समयदेखि फोहरको डङ्गुर थियो । उपत्यकाको फोहर व्यवस्थापनका सम्बन्धमा यही भदौ पहिलो साता काठमाण्डु, धादिङ र नुवाकोटका प्रमुख जिल्ला अधिकारी, सिसडोल र बञ्चरेडाँडाका स्थानीयवासीबीच भएको चार बुँदे सहमतिपछि भदौ पहिलो सातादेखि फोहर व्यवस्थापन कार्य हुन थालेको हो । सहमतिपछि यसअघि सडकमा थुपारिएको फोहर व्यवस्थापनको काम सकिएको छ ।

काठमाण्डु महानगरपालिका वातारण विभाग प्रमुख सरिता राईले भन्नुभयो,“आगमी दुई दिनमा यसअघि ट्रान्सफरस्टेसनमा थुपारिएको सबै फोहरको अन्तिम व्यवस्थापनको काम हुन्छ ।” गत वैशाख १२ गतेदेखि टेकुमा थुपारिएको फोहरको व्यवस्थापन हुन सकेको थिएन । स्थानीयवासीको अवरोधकैबीच विगत चार महिनाको अवधिमा बढीमा १५ दिन फोहरको व्यवस्थापन भए पनि अन्य दिन एक गाडी पनि फोहरको व्यवस्थापन हुन नसकेको कामपाको भनाइ छ ।

यसअघिको फोहरसमेत व्यवस्थापन गर्नुपर्ने भएकाले अहिले साविकमा भन्दा बढी दैनिक तीन सय गाडी फोहर अन्तिम व्यवस्थापनको लागि बञ्चरेडाँडा पुग्ने गरेका छन् । फोहर व्यवस्थापनको काम कतै बाँकी भए वातावरण विभागमा जानकारी दिन पनि प्रमुख राईले नागरिकलाई आग्रह गर्नुभएको छ । हरेक दिन उपत्यकाबाट एक हजार दुई सय मेट्रिक टन फोहर उत्पादन हुने गरेको छ । त्यसमध्ये सबैभन्दा बढी कामपाको पाँच सय मेट्रिक टन रहेको छ । यसअघि पनि लामो समय फोहर जम्मा भएर बसेको हुनाले अहिले दैनिक तीन सय गाडीले अन्तिम व्यवस्थापनका लागि बञ्चरेडाँडा लाने गरेका छन् ।

हाल कामपासहित अन्य १७ स्थानीय तहको फोहरको अन्तिम व्यवस्थापन बञ्चरेडाँडामा हुने गरेको छ । पेचिलो सवाल बन्दै आएको सङ्घीय राजधानी काठमाडौँ उपत्यकाको फोहर व्यवस्थापनको सवालमा कामपाले उपत्यकामानै कुहिने फोहर व्यवस्थापन गर्न भन्दै स्थान पहिचानको काम गरिरहेको बताएको छ । सम्भावित केही स्थान पहिचान गरेपनि स्थानीय त्यस विषयमा सकाररात्मक हुन नसक्दा थप काम भने अघि बढ्न नसकेको गुनासो कामपाको छ ।रासस

# हात्तीको आक्रमण बढ्दैछ, रोक्ने उपाय के गर्ने ?



काठमाण्डु । जङ्गली हात्तीको आक्रमणबाट नेपालमा वर्षेनी नागरिकको ज्यान जाने क्रम बढेको छ । यही भदौ १३ गते कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-७ मा जङ्गली हात्तीको आक्रमणबाट १८ वर्षीया मीना जोशीको ज्यान गयो । घरनजिकै हात्ती देखेपछि भाग्ने क्रममा बाँसको झाडीमा हात्तीले जोशीलाई आक्रमण गरेको थियो ।

वर्षेनी जङ्गली हात्तीको आक्रमणबाट नागरिकको अकालमै ज्यान गएको भए पनि मानवीय क्षति न्यूनीकरण गर्नका लागि हात्ती नियन्त्रणको उपाय नखोजिएको हात्ती पीडितको आरोप छ । संरक्षित क्षेत्र (निकुञ्ज-आरक्ष) र नजिकको बस्ती क्षेत्रमा हात्तीको आक्रमणबाट पछिल्लो १७ वर्षमा कम्तीमा दुई सयको मृत्यु भएको पाइएको छ । निकुञ्ज-आरक्ष रहेकोभन्दा बाहिरका जिल्लामा हात्तीको आक्रमणबाट धेरै मानिसको मृत्यु हुने गरेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले जनाएको छ ।

विभागका अनुसार हालसम्म झापामा मात्रै ३७ को मृत्यु भएको छ । यसैगरी बर्दियामा ३५, चितवनमा २०, सप्तरी र बारामा १३-१३, सर्लाहीमा १२, पर्सामा ११, सुनसरी र उदयपुरमा नौ/नौ धनुषा र सिन्धुलीमा आठ/आठ मोरङमा सात, सर्लाही र रौतहटमा छ/छ, मकवानपुरमा तीन र कञ्चनपुरमा यही भदौ १३ गते एकको ज्यान गएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका सूचना अधिकारी डिलबहादुर पुर्जापुनका अनुसार पछिल्ला वर्षमा हात्ती, बाघ र गैँडालगायत वन्यजन्तुको आक्रमणबाट मृत्यु हुनेको सङ्ख्या बढ्दै गएको छ । यसरी ज्यान गुमाउने व्यक्तिका परिवारलाई राहतस्वरुप रु १० लाख दिने नीतिगत व्यवस्था गरिएको भए पनि हात्ती नियन्त्रणको उपायमा भने ध्यान पुग्न सकेको छैन ।

घाइते हुने व्यक्तिहरका साथै बाली र घरगोठमा क्षति पुगेका परिवारलाई पनि १० देखि ३० हजारसम्म क्षतिपूर्तिको व्यवस्था गरिएको छ । मानवीय बस्तीमा पसेर पटक-पटक वितण्डा मच्चाएकामध्ये अहिलेसम्म विभिन्न स्थानमा आठ वटा हात्तीको घाँटीमा रेडियो कलर जडान गरेर सरकारले तिनीहरुको आउजाउ अनुगमन गरिरहेको सूचना अधिकारी पुर्जापुनले बताउनुभयो ।

हात्तीका लागि उपयुक्त बासस्थान पछिल्लो समय विभिन्न कारणले खण्डीकृत हुँदै गएको तथा हात्ती हिँड्ने बाटो (करिडोर) कृषिकर्म, सहरको विस्तारलगायतका कारण अतिक्रमणमा परेका कारण जङ्गली हात्ती मानवीय वस्तीमा पस्ने र बितण्डा मच्चाउने गरेको अनुमान गरिएको छ । सरकारले अघि बढाएको पूर्व-पश्चिम विद्युतीय रेलमार्ग, विद्युत् प्रसारण लाइन, सिँचाइ, सडक विस्तारलगायतले बासस्थान खल्बलिएपछि हात्तीको ओहोर-दोहोरमा समस्या आएको बिज्ञहरुको बुझाइ छ ।रासस

# सेती खोला र मादी खोलामा आकर्षक पुल निर्माण गरिने



काठमाण्डु । सरकारले पृथ्वी राजमार्ग विस्तारका क्रममा सेती खोला र मादी खोलामा आकर्षक पुल निर्माण गर्न प्रक्रिया अघि बढाएको छ । चार लेनमा सडक विस्तार भइरहेकामा पुल पनि सोही चौडाइमा निर्माण गर्न लागिएको सडक विभागले जनाएको छ । मादी खोलामा चार लेनको नयाँ पुल बनाउन प्रक्रिया अघि बढिसकेको विभागका महानिर्देशक अर्जुनजङ्ग थापाले बताउनुभयो ।

उहाँका अनुसार हाल रहेको पुल पुरानो भइसकेको र आयु कम भएको छ । नयाँ निर्माण गर्दा आधुनिक प्रविधिसँगै हेर्दा आकर्षक पुल निर्माण गर्न लागिएको हो । यी दुई स्थानमा पुल निर्माणका लागि दातृ निकाय (एशियाली विकास बैंक) बाट ‘नो अब्जेक्सन लेटर’ आइसकेको छ । उहाँले भन्नुभयो, “उताबाट स्वीकृति आएपछि काम सुरु गरिनेछ ।”

सो योजनाको अवधि आव २०८५/८६ सम्म रहेको छ । ठेक्का अङ्कअनुसार योजनाको लागत रु १३ अर्ब ६२ करोड छ । मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड) अर्थात् आबुखैरेनीबाट-जामुने भञ्ज्याङसम्मको निर्माणको ठेक्का चाइना कम्युनिकेशन कम्पनी लिमिटेडलाई दिइएको थियो । सो ठेक्काको सम्झौता विसं २०७८ वैशाख २ गते भएको थियो । कूल ४१ दशमलव ४५ किमीमध्ये एक दशमलव ५२ किमी सहरी क्षेत्र र गैरसहरी क्षेत्रमा ३९ दशमलव ९३ किमी छ । पहिलो ठेक्कामा वित्तीय प्रगति मोबिलाइजेसन पेश्कीसहित १५ प्रतिशत थियो । सो सडक चार लेनमा विस्तार गरिने भए पनि बजारमा थप दुई लेन ‘सर्भिस लेन’ निर्माण गरिने सडक विभागले जनाएको छ ।

पश्चिम खण्ड (जामुने भञ्ज्याङदेखि पोखरा पृथ्वीचोकसम्म) निर्माणको ठेक्का चिनियाँ कम्पनी ‘एनहुई केयुयन हाइवे एण्ड ब्रिज’ कम्पनी लिमिटेडलाई विसं २०७८ जेठ ३ गते दिइएको थियो । जम्मा ३८ दशमलव ८८ किमीमध्ये १८ दशमलव ५९ किमी सहरी क्षेत्र र २० दशमलव २९ किमी गैरसहरी क्षेत्र छ । सो खण्डमा एक दशमलव आठ किमी सडकमा माटो काटी सडक विस्तार गर्नुपर्नेछ । पर्यटकीय नगरी पोखरा जाने स्थानमा बन्न लागेका पुलले यहाँको सौन्दर्यता थप गर्ने अपेक्षा गरिएको छ । रासस

# आठौँ पटक म्याद थपेको भक्तपुर-नगरकोट सडक दुई महिनाभित्र सक्न निर्देशन



भक्तपुर । सडकको बीचबीचमा खाल्डै खाल्डो । कतै कालोपत्र गर्न ग्राइबेल विछ्याउदै छ भने कतै पर्खाल भत्किएर सडकनै पहिराले बगाएर जोखिम अवस्था छ ।

कतै कतै कुलो र कलर्भट पुरिँदा सडकबाटै पानी बगेर ओहोर दोहोर गर्नै जोखिम छ । यो अवस्था विगत आठ वर्षदेखि स्तरोन्नति सुरु भएर अझै निर्माण सम्पन्न नभएको ‘भक्तपुर नगरकोट सडक खण्ड’ मा सजिलै देखिन्छ ।

चाँगुनारायण नगरपालिका कार्यालयमा भेला हुनुभएका नगरप्रमुख जीवन खत्री, उपप्रमुख रमेश बुढाथोकी, सञ्चारकर्मी र नगरपालिकाको टोली भक्तपुर नगरकोट सडकको अनुगमनमा निस्कने क्रममा नगरप्रमुख खत्रीले भन्नुभयो, “जनताले धेरै दुःख पाइसके, अब जे सुकै होस् सहेर बसिन्न, आज सडकको अनुगमन गरौँ, दुई महिनाभित्र सडक निर्माण सम्पन्न नभए ठेक्का रद्द गर्न नगरपालिकाले नेतृत्व गर्छ ।”

उपप्रमुख बुढाथोकीले भन्नुभयो, “मङ्सिरमा चुनाव आउन लाग्यो, त्यही भएर जनतालाई देखाउन नगरपालिका अगाडि सर्‍यो भन्लान, अब सडक निर्माण सम्पन्न गराएर जनतालाई देखाउने नै हो ।” नगरपालिकाको टोलीले खरिपाटीस्थित आयोजनाको कार्यालयमा रहेका सडक निर्माणको ठेक्का पाएको शैलुङ कन्स्ट्रक्सनका प्रोजेक्ट म्यानेजर अनुप अधिकारीलाईसँगै लिएर अनुगमनमा निस्कियो । कहाँ के के हुँदैछ ? कहाँ के कति काम भइरहेको छ ? कहाँ के गर्नुपर्नेछ ? अनुगमनकै क्रममा नगरप्रमुख खत्रीले अधिकारीसँग जानकारी लिँदै र निर्देशन दिँदै नगरकोट बसपार्कसम्म पुगियो ।

“अन्तको काम छाडेर भए पनि यहाँ काम गर्नुस्, अबको दुई महिना भित्र यो सडक निर्माण सम्पन्न भएर हस्तान्तरण हुनैपर्छ, नत्र नगरपालिका ठेक्का रद्द गर्न लाग्छ, यो वा त्यो बाहना अब हामी सुन्दैनौँ”, म्यानेजर अधिकारीलाई निर्देशन दिँदै नगरप्रमुख खत्रीले भन्नुभयो, “सडकको सुरुको भाग, बीच भाग र नगरकोट बसपार्क तीन खण्डबाट एकैपटक काम अगाडि बढाउनुस्, ड्रेन खोल्नुस्, पुरिएको कलभर्ट बनाउनुस्, पर्खाल लगाउन बाँकी भएको ठाउँमा लगाउन सुरु गर्नुस्, पैसा छैन भनेर पन्छिन पाइँदैन ।” जनताले धेरै दुःख पाइसकेकाले कहीँ कतै समस्या र अवरोध आए नगरपालिकाले सहजीकरण गरिदिने बताउँदै उहाँले काम नरोक्न निर्देशन दिनुभयो ।

नगरप्रमुख खत्रीले नगरकोट बसपार्क पुगेपछि स्थानीय र पर्यटन व्यवसायीसँग छलफल गर्दै भन्नुभयो, “गलत मनसाय, गलत नियत कसैले नराखौँ, नगरपालिकाको राम्रो कामलाई जनताको साथ चाहियो, हामी जनप्रतिनिधिको कुनै व्यक्तिगत स्वार्थ छैन, सबैको अपनत्व हुने गरी पारदर्शी ढ्गले हामी काम गर्छौं ।”

अनुगमनमा नगरपालिकाका उपप्रमुख बुढाथोकीले ठेकेदार कम्पनीको लापरबाहीले सडक निर्माण सम्पन्न नहुँदा त्यसको अपजस नगरपालिकाले खेप्नुपरेको बताउनुभयो । उहाँले भन्नुभयो, “ठेक्का लिने कम्पनीले समयमै निर्माण नसक्दा जनताले हामीलाई गाली गरेका छन्, अपजस हामीले खेप्नुपरेको छ, सडक नबन्दा नगरपालिकाले दुई वर्षदेखि पर्यटन शुल्क उठाउन पाएको छैन, जनताको आक्रोश हामीमाथि छ, अब पनि सडक निर्माण ढिलाइ गरे नगरपालिका चुप बस्दैन ।”

चाँगुनारायण नगरपालिका-६ का वडाध्यक्ष धनबहादुर लामाले माथिल्लोतर्फ नगरकोट बसपार्कबाट काम अगाडि बढाउन आग्रह गर्नुभयो । सडक निर्माण सम्पन्न गर्न माग गर्दै गत असारमा पनि तीन दिन सडकमै वडा कार्यालयको काम सञ्चालन गरेर विरोध जनाउनुपरेको भन्दै अब विरोध गर्नुपर्ने अवस्था सिर्जना नगर्न कम्पनीलाई आग्रह गर्नुभयो ।

सडक स्तरोन्नति नभएकै कारण स्थानीयले सास्ती व्यहोरिरहेको, यातायात सञ्चालनमा समस्या र जोखिम बढेको, पर्यटकीय गन्तव्य नगरकोट जाने पर्यटकलाई सास्ती भोग्नुपरेको वडाध्यक्ष लामाले बताउनुभयो । बसपार्कको छलफलमा स्थानीय मनोज गिरीले निर्माण कम्पनीले नक्साअनुसार काम नगर्दा खरिपाटीमा आफ्नै र दीपक लामिछानेको निकै जग्गा मिचिएको भन्दै अन्यत्र पनि यस्ता समस्या रहेकाले त्यो समस्या सुल्झाएर निर्माण सम्पन्न गर्न माग गर्नुभयो । उहाँले वर्षामा सडकको पानी व्यक्तिको घरमा पस्ने, पानी पर्दा सडक हिलाम्मे र घाम लाग्यो धुलाम्मे हुँदा यहाँका बासिन्दा विभिन्न रोगको शिकार बन्नुपरेको गुनासो गर्नुभयो ।

नगरकोटका होटल व्यवसायी एवं होटल मेरिगोल्डका सञ्चालक गोकूल लामिछानेले सडक नबन्दा कोरोना महामारी अगाडि र अहिले पनि पर्यटकको आगमन घटेको बताउनुभयो । यहाँका होटल व्यवसायी निकै मारमा परेको भन्दै उहाँले नगरपालिकाले पर्यटन शुल्क यथास्थितिमा नउठाउन माग गर्नुभयो ।

शैलुङ कन्स्ट्रक्सनका प्रोजेक्ट म्यानेजर अधिकारीले सार्वजनिक खरिद नियमावली १२औँ संशोधनले एक वर्ष म्याद थपेकाले आगामी पुस मसान्तसम्म सडक हस्तान्तरण गर्ने म्याद रहेपनि मङ्सिरभित्रै निर्माण सम्पन्न गरेर हस्तान्तरण गर्ने गरी काम अगाडि बढाएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “कूल १५ दशमलव ६४ किलोमिटर लम्बाइ रहेको यो सडकको १३ किमिमा कालोपत्र गर्न बेस हालिसकेका छौँ, धेरै ठाउँमा फस्ट कोड पनि गरिसक्यौ, पाँच दशमलव पाँच किमिमा सेकेण्ड कोड हालिसक्यौँ, अब धेरै काम बाँकी छैन, बालाजुको काम रोकिएकाले त्यहाँको जनशक्ति र रोलर, ग्रेडरलगायत मेशिनहरु यहीँ ल्याएर तीव्र गतिमा काम गर्छौं ।”

एक्जिम बैंक इन्डियासँग ऋण लिएर भारतीय आरामाली इन्फ्रा पावर लिमिटेड (एआईपीएल) र शैलुङ कन्स्ट्रक्सन जेभीले सडक स्तरोन्नतिको ठेक्का सम्झौता गरेको थियो । विसं २०७३ असार ३ गतेभित्र सम्पन्न गर्ने गरी सम्झौता गरि विसं २०७१ जेठ २२ बाट भक्तपुर-नगरकोट सडकको स्तरोन्नति सुरु गरे पनि अझै अलपत्र छ । अहिले आठौँ पटकसम्म म्याद थप गर्दासम्म ८३ प्रतिशत काम सम्पन्न गरेको छ ।

अन्तिम पटक भन्दै २०७८ चैत १९ सम्म म्याद थप गर्दा त्यस अवधिमा पनि सम्पन्न नगरेपछि सरकारले फेरि आठौँ पटक म्याद थप गरेर २०७९ पुस मसान्तसम्म पुऱ्याएको छ । एक्जिम बैंक इन्डियाको ऋण सहयोगमा कूल ३१ करोड ५२ लाख रुपैयाँमा ठेक्का सम्झौता भए पनि अहिले संशोधन गरेर ३६ करोड रुपैयाँ पुऱ्याइएको छ भने सरकारले ठेकेदार कम्पनीलाई करिब ३० करोड रुपैयाँ भुक्तानी दिइसकेको छ ।

पीडित स्थानीयले कयौँ पटक सडकमै उत्रिएर आन्दोलन गरे भने भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवलाई नगरकोट सडकमै रोकेर अवरोध गरेपछि म्यादभित्र काम नसके ठेक्का रद्द गर्ने बचन दिए पनि पुनः म्याद थपिएको छ । स्थानीयले ठेकेदार शारदाप्रसाद अधिकारीको फोटोसहितको ब्यानर बनाएर सार्वजनिक यातायातदेखि चोकचौतारासम्म टाँसेर विरोध गरेका थिए ।रासस

# पूर्णपात्र, गोदान गरी समापन गरियो तीज



काठमाण्डु । भाद्र शुक्ल तृतीयाका दिनमा मङ्गलबार देवादिदेव महादेवको पूजा आराधना गरी हरितालिका (तीज) पर्वको व्रत बसेका बर्तालुले आज बिहान गोदान, पूर्णपात्र गरी व्रत समापन गरेका छन् । सामान्यतया अरु व्रत त्यसै दिन बेलुकी समापन गर्ने विधि भए पनि हरितालिका (तीज) व्रत भने भोलिपल्ट बिहानमात्र उद्यापन गर्ने शास्त्रीय परम्परा छ । भाद्र शुक्ल तृतीयाकै बेलुकी पूजा लगाएका बर्तालुले पनि व्रत समापन चतुर्थीको बिहान गरेपछि मात्र भोजन गर्ने गर्छन् ।

भाद्र शुक्ल तृतीयामा व्रत बसी शिव पार्वतीको पूजा, उपासना गरेमा सुख, शान्ति र कल्याणको प्राप्ति हुने धार्मिक विश्वास छ । सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गरेर महादेव पति पाउने बरदान पाएकी थिइन् । तर पिता हिमालयले पार्वतीको इच्छाविपरीत विष्णुसित विवाह गरिदिन खोजेपछि साथीहरूलाई आफ्नो समस्या सुनाइन् । पार्वती समस्यामा परेको थाहा पाएपछि उनका साथीहरूले हरण गरेर लगी कसैले नदेख्ने ठाउँमा लुकाएर राखिदिए । साथीहरूले लुकाएकै ठाउँमा पार्वतीले निराहार व्रत गरी महादेवलाई पतिका रूपमा प्राप्त गरिन् । यसरी पार्वती साथीहरूद्वारा हरण भएको दिन भाद्र शुक्ल तृतीयाको दिन भएकाले त्यही समयदेखि हरितालिका (तीज) को व्रत लिने चलन सुरु भएको धर्मशास्त्रीय मत छ ।

संस्कृत भाषाका ‘हरित’ र ‘आलिका’ दुई शब्द मिलेर हरितालिका शब्द बनेको छ । ‘हरित’ शब्दको अर्थ हरण गरिएको र ‘आलिका’ शब्दको अर्थ साथी हुन्छ । सत्ययुगमा आजैको दिन निराहार व्रत बसी पार्वतीले महादेव स्वामी पाएकाले आजको दिनमा व्रत बस्दा मनोकामना पूरा हुने विश्वास छ । नारीले परिवारको अभिभावकका रूपमा प्रतिनिधित्व गरी व्रत बस्ने भएकाले नसकेका अवस्थामा अथवा रजस्वला भएका बेलामा पुरुषले पनि व्रत बस्ने गरेका छन् । यस अर्थमा अहिले केही नारीवादीले उठाएजस्तो विभेदकारी व्रत परम्परा तीज नभएको धर्मशास्त्रविद्को भनाइ छ ।

समग्रमा मनोकामना पूर्ण गराउने र सम्पूर्ण परिवारको कल्याणका लागि यो व्रतको प्रयोजन रहेको धर्मशास्त्रीको मत छ । आत्मवादी र ईश्वरवादी दुवैले यो व्रत लिने गरेका छन् । समग्रमा परिवारको यस लोकमा सुख, शान्ति र पारलौकिक सद्गतिका लागि तीजको व्रतको महत्व छ । व्रत सकाम, निष्काम, नित्य, नैमित्तिक र काम्य गरी पाँच किसिमका छन् । तीजको व्रत नित्य र काम्य दुवै खालको भएको धर्मशास्त्रीय मान्यता छ । तीजको व्रत हिन्दू मात्रका लागि नभई मानव मात्रका लागि भएको कुरा धर्मशास्त्रीय ग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य प्रा डा देवमणि भट्टराई बताउनुहुन्छ ।

प्राचीनकालमा पुरुषले घर बाहिरको काम गर्ने र महिलाले गृह व्यवस्थापनका काम गर्ने चलन बस्न थाल्यो । महिलाले घरलगायत धर्मकर्मका काम गर्न थालेपछि व्रत बस्ने जिम्मेवारी पनि दिइएको बुझिन्छ । शास्त्रीयरूपमा महिला, पुरुष दुवैले हरितालिका (तीज) को व्रत गर्नुपर्ने भए पनि सामाजिक चर्चा भने महिलाले श्रीमान्को दीर्घायुको कामनाका लागि गर्ने बुझाइ छ । व्रत गर्ने पुरुषले विधुर हुनु नपर्ने, नारीले अटल सौभाग्य र अविवाहित केटाकेटीले गुण सम्पन्न वर वा वधु पाउने शास्त्रीय वचन रहेको उहाँले सुनाउनुभयो ।

सोमबार राति दर खाएपछि औपचारिकरूपमा सुरु हुने तीज पर्व ऋषि पञ्चमीसम्म मनाइन्छ । तृतीयाका दिन हरितालिका व्रत, चौथीका दिन गणेश भगवान्को पूजा र पञ्चमीका दिन स्नान गरी अरुन्धतीसहित सप्तऋषिको पूजा गरी तीज समापन हुन्छ । आज हरितालिकाको व्रत समापनसँगै भक्तजनले गणेशको पूजा आराधना गरी गणेश चतुर्थी पर्व मनाउँछन् । रासस


PLAN INTERNATIONAL

## सवारी चालकको आवश्यकता

प्लान इन्टरनेशनल बालबालिकाको अधिकार र किशोरीहरुको समानताकालागि काम गर्ने अन्तराष्ट्रिय संस्था हो । प्लान इन्टरनेशनलले नेपालमा २०३४ सालदेखि पिछडिएका क्षेत्रका बालबालिका, उनीहरुका परिवार र समुदायलाई जीविकोपार्जन, विकास, संरक्षण र सहभागिताको अधिकार दिलाउन सहयोग गर्दै आएको छ । प्लान इन्टरनेशनल नेपालले अहिले १२ वटा जिल्लामा कार्यक्रम सञ्चालन गरिरहेको छ ।

प्लान इन्टरनेशनल नेपाल सबै प्रकारका हिंसाबाट बालबालिका र युवा व्यक्तिलाई संरक्षण गर्न लैंगिक उत्तरदायी संरक्षण मापदण्ड लागू गर्न पूर्ण रुपमा प्रतिवद्ध छ । प्लान इन्टरनेशनलको पूर्व क्षेत्रीय कार्यालय, धनुषाकालागि २ वर्षको निश्चित अवधिको रोजगारी (करार) निम्नलिखित पदकालागि आबेदन लिने जानकारी गराउदछौ ।

**१. आवश्यक सवारी चालक संख्या - १ (एक)**

सवारी चालकले सुरक्षा मापदण्डको राम्रो ज्ञानसहित जिम्मेवारी महसुस गरी समझदारी र निष्ठा पालना गर्दै संस्थाका कर्मचारी र आगन्तुककालागि भरपर्दो, दक्ष र सुरक्षित सवारी सञ्चालन सेवा प्रदान गर्नुपर्नेछ । चालकले सवारीको आवश्यक सबै मर्मत सम्भारलाई नियमित रुपमा जाँच गर्नुपर्नेछ । आवेदकमा निम्नलिखित योग्यता आवश्यक छ :

- प्रमाणित सवारी अनुमतिपत्र (लाइसेन्स) ।
- माध्यमिक तह वा सो सरहको शैक्षिक योग्यता ।
- प्रतिष्ठित कार्यालयमा सवारी चालकको कम्तिमा ५ वर्षको अनुभव ।
- सुरक्षित रुपमा सवारी चलाएको रेकर्ड, सवारी चलाउँदा सुरक्षासम्वन्धी निर्णय लिन सक्ने ।
- सवारीको पार्टस् र यसकाकामबारे प्राविधिक र मेकानिकल ज्ञान (सामान्य मर्मतको सीप भएको) ।
- नेपालीभाषामा पढने र लेख्ने क्षमता (अंग्रेजीभाषाको ज्ञान भएमा अझ राम्रो) ।

**आवेदन दिनकालागि**

बायोडाटासहितको (Bio-data) आवेदन बुधवार, १४ सेप्टेम्बर २०२२ सम्ममा पठाउनु पर्नेछ । आवेदन इमेल ठेगाना nepal.vacancy@plan-international.org वा प्लान इन्टरनेशनलको धनुषा स्थित कार्यालय (बिसहारा चोक, वडा नं.४, जनकपुरधाम उपमहानगरपालिका)मा सोझै बुझाउन सकिन्छ । छनोट सूचिमा परेका उम्मेदवारलाई मात्र छनोट प्रक्रियामा सामेल गराइनेछ । छनोट प्रक्रियाको कुनै पनि चरणमा कसैलाई प्रभावित गर्न खोजेमा आवेदन स्वतःखारेज हुनेछ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

# अहिलेको नागरिकता विधेयक र राष्ट्रपतिको कानुनी विकल्प

अहिले नागरिकता विधेयक राष्ट्रिय सभाको विधायन समितिमा छ । विधायन समितिले अध्ययन गरी राष्ट्रिय सभामा पठाए पछि राष्ट्रिय सभाका सांसदहरूको बीचमा छलफल भएर पास/फेल तिर पठाइन्छ । यदि बहुमत सदस्यले स्वीकृति दिएन भने यो नागरिकता विधेयक राष्ट्रिय सभामा अड्किन्छ । राष्ट्रिय सभाबाट पास भएपछि प्रतिनिधि सभाबाट राष्ट्रपति कहाँ पठाइन्छ र यसरी पठाइएको विधेयकलाई तोकेको समयभित्र प्रमाणित गर्नु वाध्य हुनु पर्नेछ । यसबारे राष्ट्रपतिले विभिन्न पार्टीका नेताहरू, संघ/संगठनका पदाधिकारीहरू, निजामति सेवाका उच्च पदस्त राष्ट्रसेवकहरू, सैनिक सेवाका सेवा निवृत तथा वहालवाला उच्च पदस्त पदाधिकारीहरू, कानुनबेत्ताहरू लगायत विभिन्न तप्काका विद्वानहरूसँग छलफलमा जुटेका छन् । वहाँले बोलाएका अतिथिहरू वहाँकै कुरामा स्वीकृति दिनु स्वभाविकै हो । यस विधेयकलाई राष्ट्रपतिले अनावश्यक झमेलामा पार्न खोजेका छन् । राष्ट्रपति जस्तो गरिमामय पदमा बसेर संसदमाथि नै अनावश्यक टिका टिप्पणी गर्नु कदापि सुहाउँदैन । राष्ट्रपति महोदयाले नागरिकता विधेयक बारे विभिन्न किसिमका नकारात्मक टिप्पणी गरेर के देखाउन खोजेका छन ? विचारनीय कुरो छ ।

अहिलेको राष्ट्रपतिको अनपेक्षित सक्रियतालाई हेर्दा संविधानलाई नै चुनौती दिन खोजेको देखिन्छ । संविधान त नेपालको लिखित मूल कानून हो । संविधान विपरीत खेल्ने अधिकार कसैलाई छैन । सेनाको उपस्थितिमा राष्ट्रपतिले नागरिकता विधेयक सम्बन्धमा राय सुझाव माग्दा सहभागीहरूले राष्ट्रपतिबाट त्यो फिर्ता हुनु 'देशहितको काम' भनेर प्रशंसा गरेछन् र त्यो फेरि आयो भने पछि नहट्न उनलाई परामर्श दिइएछ । राष्ट्रपति भण्डारीले पनि त्यो विधेयक फेरि आयो भने त्यसलाई सम्बोधन गर्ने कानुनी विकल्प खोज्ने छौं भनेको समाचार प्रकाशित भएको छ । यसले संसद र राष्ट्रपतिको बीचमा द्वन्द्व बढ्ने देखिन्छ । यस्ता द्वन्द्वको समाधान निर्विकल्प रूपमा संसद नै हो । कानुनी राज्यमा संविधान भन्दा माथि कोही पनि हुँदैन । राष्ट्रपतिलाई पनि संविधान भित्रै यसको उपचार खोज्न सेनाको किन आवश्यकता पर्‍यो, शंकाको घेरामा रहेको देखिन्छ ।

हुनत सेनाको मानसिकता अहिले पनि पंचायतकालीन नै रहेको देखिन्छ । पंचायतकालमा मधेसीलाई सेनामा पूर्णरूपेण निषेध थियो । उनीहरूमा मधेसी प्रति के सोच थियो भने मधेसी यस देशका नागरिकै होइनन् । यिनी भारतबाट आप्रवासन भएर आएका छन् । यिनीहरूमा नेपाली राष्ट्रियता भन्दा भारतीय राष्ट्रियता बढी देखिन्छ । सेनामा मात्र होइन सुरक्षाका अन्य निकायमा समेत यस्तै खाले मानसिकताले काम गरेको थियो । यस सम्बन्धमा मधेसीहरूलाई आफ्ना आवाज उठाउने ठाउँ थिएन । म आफ्नै कुरो यहाँ स्मरण गराउन चाहन्छु । लगभग २०२७ सालको कुरो हो । त्यसबेला नागरिकता प्रमाण पत्रको वितरण अञ्चलाधिश कार्यालयबाट बाँडिन्थ्यो । मलाई जन्मसिद्ध नागरिकता दियो । त्यो पनि अंचलाधिश कार्यालय, जलेश्वरबाट पुलिस रिपोर्ट लिन पत्र काटियो । पुलिस रिपोर्ट लिन धनुषा जिल्ला प्रहरी कार्यालय हुँदै मेरो नजिकको प्रहरी थानामा पुग्यो । त्यहाँ गाउँबाट सरजमीन गराउन गाउँका मान्छेहरूलाई लग्नु परेको थियो । सरजमीन मुचुल्का उठाइए पछि त्यसलाई पुनः आएकै बाटोबाट जलेश्वर अंचलाधिश कार्यालयमा पुगेपछि त्यस बारे अन्य छानवीन गरिन्थ्यो । कुनै किसिमको लफडा नदेखे पछि नागरिकता दिइन्थ्यो । यसरी मधेसी प्रति विगतदेखि नै सौतेला व्यवहार हुँदै आएको छ ।

मधेसी त मधेसका धर्तीपुत्र हुन् । मधेसी नभएको भए नेपालका अधिकांश जनसंख्या भोकभोकै बस्नु पर्ने बाध्यता हुन्थ्यो । जो नेपालका अन्नदाता वही कसरी नागरिकताबाट वंचित हुन्थ्यो, विचार गर्नुस् त ! मधेसी त सधैं नेपालको लागि लडेको इतिहास छ । अहिले यहीं मानसिकताले राष्ट्रपतिको मनमा पनि नराम्ररी स्थान लिइ सकेको देखिन्छ । राष्ट्रपतिज्यू राष्ट्रपति हुनु भन्दा पहिले त नेकपा (एमाले) का सक्रिय शीर्षनेता मध्येका एक हुनुहुन्थ्यो । यहाँलाई त हिमाल, पहाड र मधेसबारे गहिरो जानकारी छ । तबपनि कसको आग्रहमा नागरिकता विधेयक प्रति विपरीत धारणा बनाउनु भएको छ ।

पेपर पत्रिकाका हल्ला अनुसार के सुनिन्छ भने यदि विधेयक जस्ताको तस्तै पास भयो भने राष्ट्रपतिज्यू राजिनामाका लागि समेत आफ्नो मनःस्थिति तयार गरेका छन् । यो विल्कुल गलत कुरा हो । नेपालमा अहिले लोकतान्त्रिक गणतन्त्र छ । यसमा सबैले आफ्ना आफ्ना समस्यालाई संविधान अनुसार राख्ने हक छ । कुनै जरूरी छैन तपाईंको माँग सही नै होला । त्यस्तै राष्ट्रपतिले विधेयक फिर्ता पठाउनुसम्मको त ठीक छ । पुनः संसदबाट जान्छ भने संविधान अनुसार नै हुने हो । यसको लागि कसैले जीत-हारको इस्यू बनाउनु हुँदैन । राष्ट्रपतिले पनि यसबारे बढी सोच्ने कुरै छैन । नेपालको संविधान अनुसार संसद यस्तो ठाउँ हो जहाँ विवादित सबै कुरामाथि छलफल गर्ने हो । संसदभन्दा बाहिर गएर केही गर्नु हाम्रो संविधानले अनुमति दिँदैन ।

अर्कोतिर वहालवाला प्रधान सेनापति समेतको उपस्थितिमा यस्ता कुरा बारे छलफल हुनुहुँदैन्थ्यो । मान्छेहरूको के विश्वास छ भने राष्ट्रपतिको यस्तो व्यवहारले विधेयकलाई लिएर सरकार र संसदसँग भएको द्वन्द्वमा उनले 'सेनाको साथ खोजेको हो' भनेर यसलाई बुझेको देखिन्छ । संसदको विषयमा सेनाका पदाधिकारीहरूसँग परामर्श गर्नु संविधानसँग मिल्ने कुरा देखिँदैन । सेनाले पनि के बुझ्नु पर्दछ भने हाम्रो पनि आफ्नै विशिष्ट संरचना र त्यसका मान्यता हुन्छन् । राज्यको सशस्त्र भौतिक बल प्रयोग गर्ने संगठित संस्था भएकाले त्यसका पदाधिकारीहरूका बोली र व्यवहार गम्भीर एवं संवेदनशील अर्थ दिने खालका छन् । यसरी नेपाली सेना जहिले पनि नेपालको सम्बन्धमा बडो गम्भिरता तथा सोचका साथ आफ्ना मन्तव्य दिएका छन् । नेपाली सेना राष्ट्रको आन्तरिक समस्यामा कहिले पनि हस्तक्षेप गरेको इतिहास छैन । सेना जहिले पनि संविधान, ऐन, कानुनलाई मान्दै अगाडि बढेको देखिन्छ । नागरिकता विधेयक जस्ता कुरोमा सेनाले बिल्कुलै रूचि राख्नु हुँदैन । यदि सक्रिय हुन्छन् भने सेनाले हालसम्म कमाएको निष्पक्षता टुट्न जान्छ र जनताले के बुझ्नेछ भने सेना कुनै खास समूहलाई संरक्षणका लागि मात्र रहेछ । देशमा ठूलूठूला आन्दोलन हुँदा सबै आन्दोलनमा सेना निष्पक्षताको भूमिकामा रहेका छन् । २००७ सालको आन्दोलनदेखि लोकतान्त्रिक आन्दोलनसम्म तटस्त रहेको इतिहास छ । गणतन्त्र आउँदा बखत समेत सेनाले राजा सम्मकालाई साथ नदिएर जनताको पक्षमा उभिएको इतिहास साक्षी छ । त्यसैले प्रधान सेनापति रूक्मांगत कटुवाललाई प्रधान सेनापतिको पदबाट बर्खास्त गर्न लाग्दा राष्ट्रपति डा. रामवरण यादव प्रधान सेनापतिको पक्षमा उभिएको कुरा इतिहास साक्षी छ । नेपाली सेनाले पनि अहिले लोकतान्त्रिक व्यवस्थाको मर्म अनुसार व्यवहार गरि दिन अपेक्षा गरिएको छ । विवादमा फस्नु राम्रो हुँदैन । कुनै पेशाको आ-आफ्नै व्यवसायिक आचार संहिता हुन्छ । नेपाली सेनाको आचार संहिता त अझ कडा हुन्छ । त्यसैले त नेपाली सेना निकै अनुशासित छ । हामी स्वतन्त्र व्यक्ति जस्तो सेनाको व्यवहारमा कहिले पनि छूट हुनुहुँदैन ।

*२००७ सालको आन्दोलनदेखि लोकतान्त्रिक आन्दोलनसम्म तटस्त रहेको इतिहास छ । गणतन्त्र आउँदा बखत समेत सेनाले राजा सम्मकालाई साथ नदिएर जनताको पक्षमा उभिएको इतिहास साक्षी छ । त्यसैले प्रधान सेनापति रूक्मांगत कटुवाललाई प्रधान सेनापतिको पदबाट बर्खास्त गर्न लाग्दा राष्ट्रपति डा. रामवरण यादव प्रधान सेनापतिको पक्षमा उभिएको कुरा इतिहास साक्षी छ । नेपाली सेनाले पनि अहिले लोकतान्त्रिक व्यवस्थाको मर्म अनुसार व्यवहार गरि दिन अपेक्षा गरिएको छ । विवादमा फस्नु राम्रो हुँदैन । कुनै पेशाको आ-आफ्नै व्यवसायिक आचार संहिता हुन्छ । नेपाली सेनाको आचार संहिता त अझ कडा हुन्छ । त्यसैले त नेपाली सेना निकै अनुशासित छ ।*

नागरिकता विधेयकमा सबैभन्दा विवादित कुरो विदेशी महिलासँग विवाह गर्दा सो महिलाले पाउने अंगीकृत नागरिकता सम्बन्धमा देखिन्छ । यस विधेयकमा यस्ता अंगीकृत नागरिकता सम्बन्धमा कुनै कुरा समावेशै छैन । अंगीकृत नागरिकता जस्ताको तस्तै छाडेर अगाडि बढेको देखिन्छ । अब सोच्ने कुरा के छ भने पेश नभएको कुरो माथि बढी विवाद खडा गर्नु मूर्खता सिवाय अरू के हुन सक्छ ? यसभन्दा पहिले त केपी शर्मा ओली आफ्नो सरकारमा अध्यादेश मार्फत त पठाएकै थिए त्यस बेला एक दिन पनि नपर्खिनु र अहिले अझै बलियो भएर आएको विधेयक माथि विभिन्न किसिमको बखेडा खडा गर्नुलाई पक्षपातपूर्ण व्यवहार भन्दा अरू के हुन सक्छ ? विचारणीय कुरो रहेछ ।

अर्को पक्षतिर ध्यान दिँदा संसदले पारित गरेको विधेयक राष्ट्रपतिले पुनर्विचारका लागि एक चोटी फिर्ता पठाउन सकिन्छ जो हाम्रो संविधान सम्मत देखिन्छ । तर यहाँ विचारणीय कुरो के छ भने नागरिकता विधेयकमा राष्ट्रपतिको सन्देशसँग संसद सहमत भएन । प्रतिनिधि सभाले त्यसलाई जस्ताको तस्तै पुनः पारित गरेर माथिल्लो सदन सभामा पठाएको छ । त्यो विधेयकलाई संसदले निर्णय गरिनसक्दै राष्ट्रपति जस्तो सम्मानित पदमा बस्ने व्यक्ति स्वयंबाट यस प्रकारको व्यवहार र अभिमत प्रकट गर्न मिल्छ कि मिल्दैन ? यस्तो भड्काउ व्यवहार संसदको अपमान हो कि होइन ? विचारणीय पक्ष रहेको छ । पासै नभएको कुरामा बोल्नु भनेको अमर्यादित व्यवहार जस्तो देखिन्छ ।

नेपालको संविधान अनुसार संसदले दोस्रो पटक पारित गरेर पठाएको विधेयकलाई राष्ट्रपतिले पन्ध्र दिनभित्र प्रमाणिकरण गर्नु पर्ने वाध्यात्मक प्रावधान छ । यसलाई पालना नगर्नु भनेको संविधानको उल्लंघन हो । राष्ट्रपतिबाट संविधानमा उल्लेख भएको कुरालाई नगरेर दाँया बाँया तर्फ झुकिएर गर्न खोज्नु भने शतप्रतिशत संविधानको उल्लंघन हो । राष्ट्रपतिबाटै यस्ता उल्लंघनको काम गर्नु कतिको जायज हो सोच्ने कुरा रहेछ । संविधान भन्दा माथि कसैलाई पनि यो संविधानले विशेषाधिकारको अधिकार प्रदान गरेको छैन । संविधान भन्दा बाहिर गएर कसैले सोच्नु भनेको राष्ट्र तथा जनताकै लागि दुर्भाग्य देखिन्छ । यस्ता कतिपय देशमा राष्ट्रपतिलाई एक चोटीका लागि विधेयक पठाउने अधिकार भए पनि दोस्रो पटक गर्नै पर्ने बाध्यता हुन्छ । भारतीय संविधानमा समेत यस्ता वाध्यकारी व्यवस्था छ । त्यसलाई त्यहाँका राष्ट्रपतिले कहिले पनि आफ्नो प्रतिष्ठासँग जोडेर हेरेको देखिएन । हाम्रो राष्ट्रपतिले पनि यस्ता कुरालाई हेरेर त्यसलाई प्रतिष्ठासँग जोडेर हेर्नु हुँदैन । वरू संविधानलाई सही रूपले पालना गर्नु भनेको प्रतिष्ठा आर्जन गर्नु हो । लोकतन्त्रमा कानून भन्दा माथि कोही हुँदैन । यसैलाई मनन गरी हाम्रो राष्ट्रपतिले पनि व्यवहारमा परिवर्तन गर्नु नितान्त आवश्यक देखिन्छ ।



डा. रामसागर पंडित

अहिले नेपालमा लाखौं मानिसहरू नागरिकता अभावमा दुःख भोगिरहेका छन् । विशेष गरी यो मधेसको मुद्दा हो ।

मधेसमा नागरिकता विनाको जीवन कस्तो होला विचार गर्नुस त ! त्यसैले मधेस प्रतिको चिन्तनमा परिवर्तन आउनु नितान्त आवश्यक देखिन्छ । विधेयक फिर्तामा नेकपा एमाले खुशी मनाइ रहेका छन् । के को खुशी ? भोली मधेसमा उनीहरूका कार्यकर्ता पनि छन् । के यस्ता कार्यकर्ता ती नेताहरूलाई छूट देला । त्यसैले एमालेले पनि यस्ता कुरामा आफ्नो संवेदनशीलता देखाउनु पर्ने नै बेस हुन्छ । खोक्रो राष्ट्रवादको नारा लगाएर हुँदैन । तराईसँग कस्तो व्यवहार गर्न चाहन्छ एमाले प्रष्ट हुनै पर्छ । अहिले पनि राष्ट्रपतिलाई ठाउँ छ कि आफ्नो उँचाइलाई कसरी बचाउने ? नागरिकता विधेयकलाई बढी उल्झाउने खेलमा लाग्नु हुँदैन । वहाँका लागि सबै नेपाली समान छन् । त्यसैले समान भावना लिएर अगाडि बढनु नै सबैको मन जित्नु हो ।

निष्कर्षमा के भन्न सकिन्छ भने राष्ट्रपतिले अहिलेको नागरिकता विधेयकमा अनावश्यक हस्तक्षेप ठीक भएन र त्यसलाई संवैधानिक पनि मान्न सकिदैन । त्यसर्थ अहिले पनि शीतल निवासमा दिन दिनै गर्ने यस्ता अनावश्यक सभा सम्मेलनको आवश्यकता देखिँदैन । यहाँको अक्षुण्ण अधिकारलाई कसैले पनि चुनौती दिएको छैन् तथा दिनु पनि हुँदैन । अर्कोतिर सैनिक पदाधिकारीदेखि गैरसैनिक पदाधिकारीसम्म संविधानमा उल्लेख रहेका कुरा भन्दा बाहिरको सल्लाह दिएर अनावश्यक बखेडामा राष्ट्रपति जस्तो सम्मानित व्यक्तित्वलाई धकेल्नु हुँदैन भने मेरो मान्यता हो । कतिपयले अहिले पनि पंचायती मानसिकताबाट बाहिर निस्कन सकेको छैन । कुनै पनि कुरालाई लोकतान्त्रिक संविधान अनुसार हेरेमा कतै कसैलाई पनि विवादित बन्नु पर्दैन । ओली पनि संविधानलाई तिजाञ्जली दिएर दुई दुई चोटी प्रतिनिधि सभा विघटन गर्दा सकेनन् । हाम्रो राष्ट्रपतिले यसबाट सिख लिनै पर्ने हुन्छ । इतिश्री ।

**लेखक त्रिविका अवकाशप्राप्त सह-प्राध्यापक र अन्वेषक हुन् ।**

## सम्पादकीय

# संस्कृतिलाई सुरक्षित राखौं

केही वर्षयता देखि सामाजिक मूल्यमान्यता र संस्कृति विपरीत चाडपर्व मनाउन थालिएको छ । चाडपर्वको नाउमा देखिएको संस्कृति विपरीतको कृयाकलापले पौराणिक मूल्यमान्यता माथि प्रहार गरिदै आएको छ । सकिएको तीज पर्वमा महादेवको आराधना गरिए पनि दरको नाउमा देखिएको गतिविधि सामाजिक मूल्यमान्यता विपरीत छ । संस्कृति, परम्परा र रितिरिवाजले देश विदेशमा पहिचान दिने गरेको भए पनि केही वर्ष यता जुन प्रकारले पश्चिमी सभ्यता हाबी हुँदै गएको छ त्यसले आफ्नो मूल्यमान्यता गुम्ने खतरा बढेको छ । विदेशमा हाम्रो पहिचान, कला, संस्कृति र परम्पराले चिन्हिने भए पनि हामी जुन प्रकारले उनीहरुको सभ्यतालाई अवलम्बन गर्न थालेका छौं त्यसले आफ्नै संस्कृति र परम्परा माथि खतरा बढेको छ । हुनत सरकारले सवै धर्म, संस्कृति र परम्परालाई स्वायता दिएको छ तर, स्वायतताको नाममा बढेको अराजक गतिविधिले समाजमा नकारात्मक असर पर्ने देखिन्छ । संस्कृति, परम्परा र रितिरिवाजलाई बचाइ राख्नकालागि हामी आफैलाई अग्रसर हुनु जरुरी छ । हामीकहाँ आउने विदेशीले यहाँको कंक्रिट भवन र कंक्रिट बाट बनेको सडक हेर्न आउँदैन् । उनीहरु मिथिला संस्कृति, परम्परा र रितिरिवाज, मिथिला कला हेर्न आउने गरेका छन् । अहिले पनि दक्षिण भारतमा संस्कृति प्रति देखिएको लगावले पनि सिक्न सकिन्छ । सरकारले पनि संस्कृति संरक्षणकालागि लगानी गरेपनि आफ्नै स्तरवाट देखिएको कमीकमजोरीलाई आगामी दिनमा सच्याउनुपर्ने देखिन्छ । हामीले आफै आफ्नो संस्कृतिलाई रक्षा गर्न सकेनौ भने अरुले त बर्बाद पार्न बढी समय लगाउने छैन् । १० वर्ष पहिला मिथिला क्षेत्रमा मनाउने तीज र विगत केही वर्ष यता देखि मनाउने तीजमा व्यापक परिवर्तन आइ सकेको छ । यसमा आफैवाट सुधारको खाँचो छ र सुधार नगरिए भविष्यमा यसले ठूलो नोक्सानी बेहोर्नुपर्ने हुन्छ । त्यसैले संस्कृति सुरक्षित राख्नकालागि सबैले आ-आफ्नो स्थानबाट पहल गर्नुपर्ने हुन्छ । आफ्नो संस्कृति बिर्से विश्वले बिर्सने छ । हामी भित्र के छ त्यसको पहिचान गर्नु जरुरी छ । आफ्नो पहिचान बिर्से अरुले स्मरण त गराउने होइन ।

# प्रतिनिधिसभा र प्रदेशसभाका लागि प्रत्यक्ष चुनाव लड्ने उम्मेदवारले शैक्षिक योग्यता खुलाउनुपर्ने

**अशोक दाहाल**

निर्वाचन आयोगले आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा भाग लिने उम्मेदवारहरूले आफ्नो शैक्षिक योग्यताको विवरण पनि पेस गर्नुपर्ने व्यवस्था गरेको छ । आयोगले हालै राजपत्रमा प्रकाशित गरेको निर्वाचन आचारसंहितामा उम्मेदवारी दर्तासँगै उनीहरूको वैयक्तिक पृष्ठभूमि र शैक्षिक योग्यता पनि पेस गर्नुपर्ने व्यवस्था गरेको हो । विगतमा शिक्षाको पहुँच नपाएको वर्गलाई यस्तो व्यवस्थाले राजनीतिमा निरुत्साहित गर्ने भन्दै कतिपय राजनीतिज्ञले आयोगप्रति असहमति जनाएका छन् । आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई लक्षित गर्दै भदौ १३ गते नेपाल राजपत्रमा प्रकाशित 'निर्वाचन आचारसंहिता २०७९' मा प्रत्यक्षतर्फ उम्मेदवारी दिनेहरूले आफ्नो वैयक्तिक विवरण पेस गर्नुपर्ने व्यवस्था गरिएको हो । आचारसंहिताको २० नम्बर बुँदामा "मनोनयन पत्रसाथ आफ्नो नाम, थर, ठेगाना, शैक्षिक योग्यता, अनुभव तथा आफूले उल्लेख गर्न चाहेको थप विवरण" उल्लेख गर्नुपर्ने भनिएको छ ।

**प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा कुन दिन किन महत्त्वपूर्ण**

**प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनबारे थाहा पाउनुपर्ने १० कुरा**

यस्तो विवरण निर्वाचन अधिकृतमार्फत् आयोगमा सङ्कलन गरेर आयोगको वेबसाइट र निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन गरिने आचारसंहितामा उल्लेख गरिएको छ । "आयोगले निर्वाचन क्षेत्र अनुसार एकीकृत विवरण तयार गरी आयोगको वेबसाइटमा प्रकाशन गर्नेछ," आचारसंहितामा थप भनिएको छ ।

**किन मागियो शैक्षिक योग्यताको विवरण**

नेपालमा सांसद बन्न निश्चित शैक्षिक योग्यता तोकिनुपर्ने माग समयसमयमा उठ्ने गरेको छ। तर नेपालको कुनै पनि कानुनले राजनीतिज्ञहरूका लागि कुनै पनि शैक्षिक योग्यता तय गरेको छैन । यसअघिका निर्वाचनहरूमा यस्तो व्यवस्था नभए पनि आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा प्रत्यक्ष तर्फ उम्मेदवार बन्नेहरूका लागि शैक्षिक योग्यता बुझाउनुपर्ने व्यवस्था गरेको हो । नेपालमा कतिपय राजनीतिक नेताहरूको शैक्षिक योग्यताको विषय समय समयमा बहसको विषय समेत बन्ने गरेको छ । निर्वाचन आयोगले उम्मेदवारहरूको शैक्षिक योग्यता खुलाउनुपर्ने व्यवस्था गरेपछि कतिपयले आयोगको कदमप्रति संशय पनि व्यक्त गरेका छन् । निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेल मतदाताहरूलाई सही उम्मेदवार छनोटका लागि सहज बनाउन उम्मेदवारहरूको शैक्षिक योग्यतासहित उनीहरूको पृष्ठभूमि पनि सार्वजनिक गर्न लागिएको बताउँछन् ।

**मतदाता परिचयपत्र नभएकाहरूले भोट हाल्न के गर्ने?**

**'नो भोट'का लागि दलहरू 'तयार', तर 'अस्वीकृत' हुने डरले अझै बनेन कानुन**

"यो नयाँ व्यवस्था हो र यस्तो विवरण आयोगले आफ्नो वेबसाइटमा राख्ने भनेको छ। त्यहाँ उनीहरूको शैक्षिक योग्यता मात्र नभएर आफ्नो पृष्ठभूमि र आफूले गर्न चाहेको कामबारे पनि उल्लेख गर्न सक्छन्," प्रवक्ता पौडेल भन्छन् । "यो विवरणका आधारमा मतदाताहरूलाई योग्य उम्मेदवार छनोट गर्न सजिलो होस् भन्ने उद्देश्यले राखिएको हो ।"

**नबुझाए के हुन्छ**

निर्वाचन आचारसंहिता कानुनजस्तो बाध्यकारी हुन्छ कि हुँदैन भन्ने विषयमा एकमत छैन । केही कानुनविद्हरूले यो बाध्यकारी नहुने तर्क गर्ने गरेका छन् । तर निर्वाचन आयोगका प्रवक्ता पौडेलले भने यस्तो विवरण बुझाउनुपर्ने व्यवस्था बाध्यकारी भएको बताए । "मनोनयनका साथमा पेस गर्नुपर्नेछ भनेपछि त गर्नुपर्‍यो नि। पेस नगरे पनि हुन्छ वैकल्पिक हो भन्यो भने पो नगर्दा पनि हुन्छ त," उनले भने । आयोगले यस्तो विवरण पेस नगर्ने व्यक्तिहरूको मनोनयन नै दर्ता नहुने दाबी गरेको छ ।

निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने उम्मेदवारहरूको मनोनयन रद्द गर्नेसम्मको अधिकार निर्वाचन आयोग ऐन २०७३ ले आयोगलाई छ । "कुनै उम्मेदवारले आयोगले बनाएको आचारसंहिताको उल्लङ्घन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरबाट हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा त्यसको स्पष्ट आधार र कारण खोली आयोगले उम्मेदवारको उम्मेदवारी रद्द गर्न सक्नेछ," ऐनमा भनिएको छ।

**अब संसदीय निर्वाचनमा हुन सक्छन् यी तीनवटा परिवर्तन**

**कस्ता उम्मेदवारको धरौटी फिर्ता हुन्छ र कस्ताको जफत**

आचारसंहिता उल्लङ्घन गर्नेलाई जरिवाना गर्नेदेखि निर्वाचन कसुर सजाय ऐनअन्तर्गत पनि सजाय हुने व्यवस्था रहेको आयोगका प्रवक्ता शर्मा बताउँछन् ।




**'के राजनीति लोकसेवा हो?'**

पूर्वकमलरी शान्ता चौधरीले संविधानसभा सदस्य बनेपछि मात्रै औपचारिक शिक्षा लिन सुरु गरेकी थिइन्। यसबीचमा कक्षा १२ सम्म उत्तीर्ण गरेको बताउने चौधरी अहिले नेकपा एमालेकी सचेतक छिन् । "राजनीतिक क्षेत्रमा लागेका सबैले पढेलेखेका छन् भन्ने छैन। म पनि सभासद् भएपछि मात्रै पढ्न लेख्न थालेकी हुँ। हाम्रो नेपालमा सबैले पढ्न लेख्न पाएको अवस्था हो त?" निर्वाचन आयोगको आचारसंहिताप्रति असहमति व्यक्त गर्दै चौधरीले भनिन् ।

**"के राजनीति लोकसेवा आयोगै हो?"**

आयोगको आचारसंहिता समावेशी र समानुपातिक प्रतिनिधित्वप्रतिकूल भएको उनको तर्क छ । "जो गरिबीका कारण हिजो पढ्न लेख्न पाएन कि उनीहरूलाई राजनीति गर्नबाट रोक्नुपर्छ भन्नुपर्‍यो। होइन भने यो राजनीतिक क्षेत्रमा लाग्ने मान्छेहरूलाई शैक्षिक योग्यताको बारेमा प्रश्न उठाउने कुरा आफैँमा गलत हो," उनले भनिन्।

**'मतदातालाई मूल्याङ्कन गर्न सजिलो'**

पूर्वनिर्वाचन आयुक्त ईला शर्मा उम्मेदवारहरूको पृष्ठभूमि मतदातालाई थाहा दिने आयोगको प्रयत्न राम्रो भएको बताउँछिन् । उम्मेदवारबारे जति धेरै विवरणहरू सार्वजनिक भयो मतदाताहरूलाई उनीहरूबारे मूल्याङ्कन गर्न त्यति नै धेरै सहयोग पुग्ने उनको दाबी छ ।

**तपाईँले स्वस्तिक छाप हान्नुभएको मतपत्र गणनापछि कहाँ जान्छ**

**राणाकालमा यसरी गराइएको थियो नेपालकै पहिलो स्थानीय चुनाव**

"शैक्षिक योग्यता र उनीहरूको आपराधिक पृष्ठभूमि छ वा छैन भन्ने कुरा मतदाताहरूले थाहा पाए भने मात्र उनीहरूले विवेक पुर्‍याएर मत दिन सक्छन्," शर्मा भन्छिन् । "म त के भन्छु भने उम्मेदवारहरूको सम्पत्ति विवरण पनि आयोगले सार्वजनिक गरिदिनुपर्छ ।"

**सम्पत्ति विवरण पनि पेस गर्नुपर्ने**

निर्वाचन आयोगले प्रत्यक्षतर्फ उम्मेदवारी दिने सबै उम्मेदवारहरूले आफ्नो सम्पत्ति विवरण पनि आयोगमा बुझाउनुपर्ने व्यवस्था आचारसंहितामा गरेको छ ।

**पूर्वआयुक्त ईला शर्मा भन्छिन्, 'कानुनी प्रावधान मिचेर नेकपा दर्ता गर्‍यौँ"**

**माओवादीबाट चुनावमा उठ्ने चर्चाबारे कुलमान घिसिङको यस्तो जबाफ**

यस्तो सम्पत्ति विवरण निर्वाचन परिणाम नआएसम्म गोप्य र सुरक्षित राखिने र निर्वाचित भएका उम्मेदवारहरूको मात्र सम्पत्ति विवरण सार्वजनिक गरिने आचारसंहितामा उल्लेख छ । पराजित भएका उम्मेदवारहरूले सम्पत्ति विवरण फिर्ता लिन सक्ने र फिर्ता नलिए आयोगले धुल्याउने भनिएको छ ।

"सम्पत्ति विवरणका आधारमा भोलि अनुचित कार्य वा भ्रष्ट्राचार गरेको कुरा निगरानी गर्न सजिलो हुन्छ। आयोगले उम्मेदवारहरूलाई मतदाताप्रति जिम्मेवार बनाउन खोजेको हो," प्रवक्ता पौडेलले भने । यसअघि निर्वाचित भएका सांसदहरूले संसद् सचिवालयमा मात्र आफ्नो सम्पत्ति विवरण बुझाउने गरेका थिए । एमाले सांसद चौधरी सम्पत्ति विवरण बुझाउने कुरा आफैँमा गलत नभए पनि यसको आवश्यकता आयोगले स्पष्ट पार्न नसकेको बताउँछिन् । "यसको प्रयोजन के हो भन्ने आयोगले बुझाउन सकेको छैन," उनले भनिन्।

**कसरी हुँदै छ निर्वाचनको तयारी**

सरकारले मङ्सिर ४ गते निर्वाचन हुने घोषणा गरेको छ। निर्वाचन आयोगले त्यसअनुसार नै आफ्नो कार्यतालिका बनाएको छ । आयोगले भदौ १३ गते नेपाल राजपत्रमा प्रकाशित 'निर्वाचन आचारसंहिता २०७९' पनि प्रकाशित गरिसकेको छ । प्रतिनिधिसभाका कुल २७५ सदस्यमध्ये १६५ जना पहिलो हुने निर्वाचन अर्थात् प्रत्यक्ष मतदानको प्रणालीबाट र ११० सदस्य स ्या समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनेछन् । ती दुई मतदान प्रणालीका लागि अलगअलग मतपत्र प्रयोग गरिनेछ ।

**नयाँ कानुनबाट नागरिकता पाउनेले मङ्सिरमा चुनाव भए भोट हाल्न पाउँछन्?**

**नेपालमा विद्युतीय मतदान लागु हुन नसक्नुका तीन कारण**

आयोगका अनुसार निर्वाचन प्रयोजनका लागि ८० वटा दलले दर्ताका लागि निवेदन दिएका थिए। साथै एकल चुनाव चिह्न लिई निर्वाचनमा भाग लिने प्रयोजनका लागि थप चारवटा निवेदन गरी आयोगले कुल ८५ वटा निवेदन प्राप्त गरेको थियो । दलहरूले पेस गरेका कागजपत्रको अध्ययन र जाँचबुझ गर्दा ७९ वटा चुनाव चिह्न प्रयोग गरी कुल ८७ वटा दल निर्वाचनमा भाग लिन योग्य ठहर भएको आयोगले जनाएको छ ।

# मानवीय क्षति अन्त्य गर्न वन्यजन्तु नियन्त्रणको उपाय खोज्छौं : मन्त्री यादव

काठमाण्डु । वन तथा वातावरणमन्त्री प्रदीप यादवले मानवीय क्षति न्यूनीकरण गर्नका लागि वन्यजन्तु नियन्त्रणको उपाय खोजिने बताउनुभएको छ ।

बर्दिया, शुक्लाफाँटा, चितवन, बारा, पर्सा, झापालगायतका क्षेत्रमा रहेका जङ्गली हात्ती, बाघ, चितुवा, भालुलगायतका वन्यजन्तुले बर्सेनि त्यहाँका नागरिकको ज्यान लिने, बालीनाली नोक्सान गर्ने तथा विभिन्न दुःख दिँदै आएको गुनासा बढेपछि मानवीय क्षति अन्त्य गर्नका लागि मन्त्री यादवले वन्यजन्तु नियन्त्रणको उपाय खोजिने बताउनुभएको हो ।

यही भदौ १३ गते शुक्लाफाँटा नगरपालिका-७ मा १८ वर्षीया मीना जोशीको हात्तीको आक्रमणबाट ज्यान गएको घटनाप्रति दुःख व्यक्त गर्दै मन्त्री यादवले अब जङ्गली हात्तीसहितका जनावरको नियन्त्रण तथा क्षति रोक्नका लागि ठोस उपाय खोजिने बताउनुभयो । उहाँले भन्नुभयो, हात्तीलगायतका विभिन्न वन्यजन्तुले बालिनाली नोक्सानसहित मानिसको ज्यानै लिने क्रम बर्सेनि बढ्दै गएको छ, अब नियन्त्रणका लागि ठोस उपाय खोज्छौं ।'

जङ्गली जनावरसहित हात्तीले वर्षैपिच्छे मानवीय क्षति निम्त्याउन थालेपछि नियन्त्रणका लागि उपाय खोज्न मन्त्री यादवले मातहतका निकायलाई निर्देशनसमेत दिनुभएको छ । यसैगरी मन्त्री यादवले वन्यजन्तु नियन्त्रणका लागि विद्युतीय तारबारहरुलाई सबै राष्ट्रिय निकुञ्जहरुलगायतका क्षेत्रमा पहिलो प्राथमिकता दिनसमेत निर्देशन दिनुभएको छ ।

सरकारले हात्तीको आक्रमणबाट ज्यान गुमाउने व्यक्तिका परिवारलाई राहतस्वरुप रु १० लाख दिने नीतिगत व्यवस्था गरेको छ । यस्तै घाइते हुने, बाली र घरगोठमा क्षति पुगेका परिवारलाई पनि रु १० देखि रु ३० हजारसम्म क्षतिपूर्तिको व्यवस्था गरिएको छ ।रासस

# पत्रकार श्रेष्ठ, भट्टराई र कुँवर उम्मेदवारीमा सिफारिस

काठमाण्डु । नेकपा(एकीकृत समाजवादी) केन्द्रीय प्रचार विभागले विभागका उपप्रमुख शम्भु श्रेष्ठ, सदस्य चमिना भट्टराई र राजेन्द्र कुँवरलाई आगामी प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा उम्मेदवारीका लागि




सिफारिस गरेको छ ।

विभाग प्रमुख तथा पार्टी उपमहासचिव जगन्नाथ खतिवडाको अध्यक्षतामा बुधबार पार्टी कार्यालयमा बसेको तेस्रो पूर्ण बैठकले श्रेष्ठलाई सङ्घीय सांसदमा तथा समानुपातिकमा भट्टराई र कुँवरलाई क्रमशः बारा ३(क) र अछाम १(क) बाट प्रदेशसभामा प्रत्यक्ष प्रणालीतर्फ सिफारिस गरेको हो ।

बैठकले आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा केन्द्रित हुने गरी प्रचारप्रसारलाई तीव्र बनाउन विभाग र समाजवादी प्रेस सङ्गठन नेपालका विभिन्न पदाधिकारी एवं केन्द्रीय सदस्यलाई केन्द्र र भूगोलमा जिम्मेवारी दिने निर्णय गरेको विभागका सचिव प्रकाश खतिवडाले जानकारी दिनुभयो । विभागले पार्टी घोषणापत्रमा सञ्चार विषयमा समेटिने बुँदाका लागि विभागका सदस्य र पत्रकार हरूसँग सुझाव पनि मागेको छ ।

विभागले 'कलम' न्युज पोर्टल र पत्रिकालाई निरन्तरता दिने, जर्नलका रूपमा पार्टी मुखपत्र 'समाजवाद' निर्वाचनअघि नै प्रकाशन गर्ने, व्यापक रूपमा सामाजिक सञ्जाल र सञ्चारमाध्यम परिचालन गर्ने, नियमित रूपमा 'मिट द प्रेस' कार्यक्रम आयोजना गर्ने, पार्टी नेता र उम्मेदवारहरूलाई सामाजिक सञ्जालमा आबद्ध गराउनेलगायत सङ्गठन विस्तार, प्रचार सामग्री प्रकाशन तथा उत्पादन आदिबारे पनि निर्णय गरेको छ ।

सो अवसरमा पार्टी उपमहासचिव खतिवडाले वर्तमान गठबन्धनबाट नै बढीभन्दा बढी सिट लिने प्रयास भइरहेको र नेकपा(माओवादी केन्द्र)सँग विभिन्न विषयमा निकटमा रहिरहेको जनाउँदै गठबन्धन असफल भएमा वाममोर्चा बनाउन सकिने सोचाइ पनि रहेको जानकारी दिनुभयो । यसैबीच समाजवादी प्रेस सङ्गठनले यही भदौ महिनाभित्र लुम्बिनी, कर्णाली र सुदूरपश्चिमस्तरीय भेला तथा बैठक गर्ने विभागका अर्का उपप्रमुख दामोदर अर्यालले जानकारी दिनुभयो ।रासस

# सम्पत्ति शुद्धीकरणका लागि राजनीतिक नेतृत्व



काठमाण्डु । प्रतिनिधिसभा, अर्थसमितिका सभापति कृष्णप्रसाद दाहालले सम्पत्ति शुद्धीकरण साक्षरतालाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभएको छ ।

समितिले सम्पत्ति शुद्धीकरण निवारणका सम्बन्धमा आयोजना गरेको छलफलमा उहाँले वित्तीय अनुशासन र सुशासन कायम गराउन राजनीति नेतृत्वको इच्छा शक्ति र विभागले सम्पत्ति शुद्धीकरणको अनुसन्धान विभागको कामका जनजनमा महत्व फैलाउनुपर्ने बताउनुभयो ।

सम्पत्ति शुद्धीकरण निवारणका सम्बन्धमा अन्तर ाष्ट्रियस्तरमा भएका प्रयास, लागूभएका कानून र मापदण्ड, नेपालको प्रतिबद्धता र आवश्यक नीति कानुनका सन्दर्भमा विषयका ज्ञाता डा हरि नेपालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

उहाँबाट प्रस्तुत कार्यपत्रमा अपराधबाट प्राप्त सम्पत्ति चोरी समान हुनेभएकाले राज्यले जफत गर्नुपर्ने, वित्तीय अपराधी लोककल्याणकारी राज्यका सत्रु, तथा सम्पत्ति शुद्धीकरण भएका देशमा विदेशी लगानी आर्कषण हुने उल्लेख छ ।

सम्पत्ति शुद्धीकरणका लागि उच्च प्रकृतिका भ्रष्टाचार, कर (राजस्व छली) वित्तीय अपराध, (बैंकिङ कसुर), हुन्डी, मध्यम खालका वित्तीय अपराधमा लागुऔषध ओसारपसार, सङ्गठित अपराध, अपराधिक लाभ, हातहतियार, अन्तरिक आतङ्कवाद ठगी, नक्कली मुद्राको कारोबार, वातावरण अपराध, चोरी, तस्करी (कालो बजारसमेत) र किर्ते तथा न्यून वित्तीय अपराधिक क्रियाकलापमा नक्कली वस्तुको उत्पादन तथा उत्पादनको गैरकानुनी प्रतिलिपि वा चोरी, शरीर बन्धक तथा अपहरण, अन्तर्राष्ट्रिय आतङ्कवाद, चोरी भएका वस्तुको ओसारपसार तथा भित्री कारोबार तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धमा अनुसन्धान गर्ने सन्दर्भमा राज्यको नेतृत्व चुकेको कार्यपत्रमा उल्लेख छ ।

छलफल कार्यक्रममा अर्थ मन्त्रालयका सचिव कृष्णहरि पुष्कर र नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले सम्पत्ति शुद्धीकरणका लागि राजनीति नेतृत्व सशक्त रुपमा अगाडि बढ्नुपर्ने बताउँदै कानुन निर्माणमा ढिलाइ गर्न नहुने बताउनुभयो ।रासस

# भारतीय स्थल सेनाध्यक्ष पांडे नेपाल आउँदै

काठमाण्डु । भारतीय स्थल सेनाध्यक्ष जनरल मनोज पांडे यहीँ भदौ १९ गते नेपाल आउँदै हुनुहुन्छ । प्रधानसेनापति प्रभुराम शर्माकोऔपचारिकनिमन्त्रणामा उहाँ भदौ १९ गते पाँच सदस्यीय भ्रमण दलका साथ नेपाल आउन लाग्नुभएको नेपाली सेनाले जनाएको छ ।



भदौ १९ देखि २३ गते (सेप्टेम्बर ४ देखि ८ तारिख) सम्म हुने पाँच दिवसीय भ्रमणका अवसरमा जनरल पांडेले सैनिक मञ्च टुँडिखेलस्थित वीर स्मारकमा श्रद्धाञ्जली अर्पण, जङ्गी अड्डामा सम्मान गारत निरीक्षण गर्नुहुने सैनिक जनसर्म्पक तथा सूचना निर्देशालयले जनाएको छ ।

यसैगरी उहाँले प्रधानसेनापति शर्मासँग भेटघाट एवं छलफल, भारतीय सेनाको तर्फबाट नेपाली सेनालाई सहयोग स्वरुप प्रदान हुने विविध सामग्रीको हस्तान्तरण कार्यक्रमलगायत कमाण्ड तथा स्टाफकलेजकाशिक्षार्थीहरूसँग अन्तरक्रिया र मध्य कमाण्ड हेडक्वाटरको भ्रमण गर्ने कार्यक्रम रहेको छ ।

भ्रमणको मुख्य अंशको रुपमा रहेको नेपाली सेना र भारतीय सेना बीचको परम्पराअनुसार भारतीय सेनाध्यक्ष जनरल पांडेलाई राष्ट्रपति विद्यादेवी भण्डारीले एक विशेष समारोहका बीच नेपाली सेनाको मानार्थ महारथी दर्जा प्रदान गर्नुहुनेछ । जनरल पांडेले भ्रमणको दौरान प्रधानमन्त्री एवं रक्षामन्त्री शेरबहादुर देउवासँग औपचारिक भेटघाट गर्ने कार्यक्रम समेत रहेको निर्देशनालयले जनाएको छ ।रासस

# परिषद्द्वारा पन्ध्र गुणस्तर पारित




काठमाण्डु । नेपाल गुणस्तर परिषद्ले आर्थिक वर्ष २०७८/०७९ मा १५ वटा गुणस्तर पारित गरेको छ । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीको अध्यक्षतामा बसेको परिषद् को बैठकले सोही आवमा १५ गुणस्तर पारित गरेको हो । नयाँ मन्त्री नियुक्ति भएपछि परिषद् को दुईपटक बैठक बस्दा उक्त गुणस्तर पारित भएको हो ।

नेपाल गुणस्तर तथा नापतौल विभागको प्राविधिक समितिले गुणस्तर पारित गर्ने उद्योग तथा वस्तुको प्राविधिक अध्ययन गरी परिषद्मा पठाउने गर्दछ । परिषद्को सदस्य-सचिव विभागका महानिर्देशक हुने प्रावधान रहेको छ । विभागका महानिर्देशक दिनानाथ मिश्रले विभागको प्राविधिक समितिले ९२ गुणस्तर पारित गरिसकेको बताउनुभयो । "विभागको प्राविधिक समितिबाट पारित भएको गुणस्तर क्रमशः नेपाल गुणस्तर परिषद्मा लगेर पारित गर्छौं", उहाँले भन्नुभयो ।

परिषद्ले आव २०७७/०७८ मा भने ३१ नेपाल गुणस्तर पारित गरेको थियो । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री नियुक्तिमा ढिलाई हुँदा आव २०७७/०७८ भन्दा गत आवमा नेपाल गुणस्तर पारित कम भएको विभागले जनाएको छ । विभागले आव २०७८/०७९ मा ५४ वटा उत्पादित वस्तुलाई इजाजतपत्र प्रदान गरेको छ भने १२ वटालाई प्रमाणपत्र प्रदान गरेको छ । सोही आवमा ४९ उद्योगलाई नेपाल गुणस्तर प्रमाण चिन्ह प्रदान गरेको छ ।

सो विभागले गत आवमा दुई सय १३ पटक उद्योगको निरीक्षण अनुगमन, सात सय ५६ वस्तुको नमूना सङ्कलन र नौ वटाको प्रणाली प्रमाणिकरण प्रदान गरेको छ । तीन हजार दुई सय १४ वस्तुको प्रयोगशालामा रासायनिक, भौतिक, टेक्सटायल, छाला र कागजको परिक्षण सम्पन्न गरेको छ । एक हजार आठ सय ५९ वटालाई क्यालिब्रेसन सेवा प्रदान गरेको जनाएको छ । विभागले उक्त कार्य गरेवापत गत आवमा रु चार करोड ९२ लाख आठ सय पाँच राजश्व सङ्ककलन गरेको छ ।रासस

# पर्यटनस्थलको प्रचारप्रसारमा कमी : नेता नेपाल

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले पर्यटकस्थलको प्रचारप्रसारमा कमी रहेको बताउनुभएको छ । एकीकृत समाजवादीको केन्द्रीय पर्यटन विभागले बुधबार आयोजना गरेको 'पर्यटन तथा नागरिक उड्डयन क्षेत्रको समस्या र चुनौती' विषयक अन्तर्क्रिया कार्यक्रममा पर्यटनको विषयवस्तुको राम्रोसँग प्रचार गर्न नसकिएको बताउनुभयो ।



"हामीले हिमाल, तालतलैया, मुगुको रारा, संसारको सबैभन्दा अग्लो तिलिचो ताललाई बजारीकरण गर्न सकेको छैनौं," उहाँले भन्नुभयो, "नेपालमा रहेका ऐतिहासिक थलो, गढिको राम्रो ढङ्गले प्रचार गर्ने हो भने पर्यटन आउने छन् ।" उहाँले भारतको उत्तर प्रदेश र विहार प्रदेशमा गर्मीले उकुसमुकुस भएका मान्छेलाई नेपालको चिसो मौसममा ल्याउनुपर्ने भनाइ राख्नुभयो । उहाँले नारायणहिटी सङ्ग्रहालयलाई ठूलो सङ्ग्रहालयका रुपमा विकास गर्नुपर्ने बताउनुभयो । "अहिलेसम्म नेपालमा भएका राजतन्त्रकालको सबै चिज सङ्ग्रहालयमा देख्न पाइयोस् । किरात, लिच्छवी, महिसपाल वंश, सेन वंश, शाहवंशले कसरी शासन सञ्चालन गरेका थिए । त्यो सबै कुरा सङ्ग्रहालयमा राख्नुपर्दछ । त्यो हेर्न विदेशी आउने छन्", उहाँले भन्नुभयो ।


संस्कृति, पर्यटन तथा नागरिक, उड्डयनमन्त्री जीवनराम श्रेष्ठले नेपाल वायुसेवा निगममा विकृति र अस्तव्यस्त रहेकोले सुधार्न आवश्यक रहेको बताउनुभयो । उहाँले सरकारले ४७ अर्ब रुपियाँ बजेट दिए पनि सरकारसँग नेपाल वायुसेवा निगमले समन्वय नगरेकोले अस्तव्यस्त भएको बताउनुभयो ।

उहाँले वायुसेवा निगमले सञ्चालन गरेको ध्वजाबहाक जहाज बिग्रिएर सञ्चालन हुन नसकेको बताउनुभयो । "सरकारसँग समन्वय नगरेर एकल ढङ्गबाट नेपाल वायुसेवा निगम चलाइयो भने समाप्त हुन्छ", उहाँले भन्नुभयो,"सरकारको समन्वयमा वायुसेवा निगमले ध्वजाबहाक जहाज सञ्चालन गर्नुपर्दछ ।" अनलाइन टिकट गर्नका लागि आफूले निर्देशन दिए पनि नेपाल वायुसेवा निगमले नमानेको उहाँले बताउनुभयो । उहाँले १२ महिना पर्यटन भित्र्याउन पहल गरिने योजना बनाइरहेको बताउनुभयो ।

उहाँले एक दशकको भ्रमण वर्षका सम्बन्धमा मन्त्रालयबाट निर्णय गरिसकेको भन्दै अव चाँडै नै मन्त्रिपरिषद् बैठकबाट निर्णय गराउने बताउनुभयो । "अव एक वर्षको भ्रमणले पुग्दैन", उहाँले भन्नुभयो, "नेपालमा धेरै भन्दा धेरै पर्यटक भित्र्याउनका लागि एक दशकको भ्रमण वर्ष चाहिन्छ ।" कार्यक्रममा डा बिपी बडालले कार्यपत्र प्रस्तुत गर्दै स्थानीय पर्यटन शुल्क मिनाह गरी पर्यटकको बसाइँ तथा खर्च बढाउने कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभयो । रासस

# क्षमता अभिवृद्धि गर्न सेजन र बारबीच सम्झौता

काठमाण्डु । नेपाल आर्थिक पत्रकार समाज (सेजन) र नेपाल बार एशोसिएसनबीच आर्थिक पत्रकारहरूलाई आर्थिक तथा व्यावसायिक कानूनसम्बन्धी क्षमता अभिवृद्धि गर्ने बारे समझदारी भएको छ । बार एशोसिएसनको कार्यालय




रामशाहपथमा बुधबार एक कार्यक्रमका बीच द्विपक्षीय सम्झौता गरिएको हो । सम्झौतामा बारको तर्फबाट महासचिव अन्जिता खनाल र सेजनको तर्फबाट महासचिव भागवत भट्टराईले हस्ताक्षर गर्नुभयो ।

आर्थिक तथा व्यावसायिक कानूनका विषयमा सेजनका सदस्यको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गर्ने तालिममा एशोसिएशनको तर्फबाट स्रोत व्यक्ति उपलब्ध गराउनेबारे द्विपक्षीय सम्झौतामा उल्लेख छ । तालिमका लागि स्रोत व्यक्तिका रुपमा अर्थ क्षेत्रसँग सम्बन्धित विज्ञ वरिष्ठ अधिवक्ताहरू बार एशोसिएसनले उपलब्ध गराउने भने अन्य व्यवस्थापन सेजनले गर्ने समझदारीपत्रमा उल्लेख छ । सम्झौता हस्ताक्षर कार्यक्रममा नेपाल बार एसोसियसनका बागमती प्रदेश उपाध्यक्ष हर्कबहादुर रावलले यस्ता किसिमका क्षमता विकास कार्यक्रमले समग्र आर्थिक विकासमा टेवा पुग्ने बताउनुभयो ।‘मुलुकको आर्थिक सामाजिक विकासमा प्रोफेसनल संस्थाबीचको सहकार्यले महत्वपूर्ण योगदान गर्छ', उपाध्यक्ष रावलले भन्नुभयो ।

बारकी महासचिव अन्जिता खनालले सेजनसँगको सहकार्यले बारलाई समेत सम्बन्धित विषयका विज्ञको रोष्टर तयार पार्न सहयोग पुग्ने बताउनुभयो । यो सहकार्यको सुरुआत भएको भन्दै आगामी दिनमा अझ बढी सहकार्यका ढोका खुल्ने उहाँको भनाइ थियो । सम्झौता हस्ताक्षर कार्यक्रममा सेजनका अध्यक्ष जनार्दन बराललले आर्थिक पत्रकारलाई आर्थिक तथा व्यावसायिक कानूनको रिपोर्टिङ तथा सम्पादन गर्न यो तालीम महत्वपूर्ण सावित हुने बताउनुभयो ।‘आर्थिक कानूनका विषयमा पत्रकारको क्षमता विकासले पत्रकारिताको गुणस्तर विकास हुन्छ, जसले मुलुकको आर्थिक विकासमा महत्वपूर्ण योगदान गर्नसक्छ', अध्यक्ष बराललले भन्नुभयो ।

# अनुसन्धानमार्फत देशलाई योगदान दिन आग्रह

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले विश्वविद्यालयहरुले नेपालको शिक्षा र प्रविधिलाई विदेशमा बेच्ने मालसामानका रूपमा गलत ढङ्ग प्रयोग गरिरहेको बताउनुभएको छ ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इञ्जिनीयरिङ कलेजमा आयोजना गरिएको विद्यार्थी अभिमुखीकरण कार्यक्रममा उहाँले उच्च शिक्षा हासिल गर्ने विद्यार्थीले आफ्नो शैक्षिक प्रमाणपत्रसँगसँगै विभिन्न अनुसन्धानमार्फत देशलाई योगदान दिने काम पनि गर्नुपर्ने बताउनुभयो ।

विश्वका अन्य मुलुकमा इञ्जिनीयर, डाक्टरलगायत अन्य विषयका विद्यार्थी राजनीतिक क्षेत्रमा सक्रिय रहेको चर्चा गर्दै उहाँले ख्वपका विद्यार्थीले पनि आफ्नो विज्ञतासँगै समाज र देशको हितका लागि देशको राजनीतिमा चासो राख्नुपर्नेमा जोड दिनुभयो । अध्यक्ष बिजुक्छेँले अङ्ग्रेजीलगायतका विदेशी भाषाको प्रयोग र तालिम सञ्चालन पनि आवश्यक रहेको बताउनुभयो । अध्ययन र सिकाइ भनेको निरन्तर प्रक्रिया भएकाले विश्वसँग प्रतिस्पर्धा गर्न अंग्रेजी भाषामा पोख्त हुनु आवश्यक रहेको उहाँको भनाइ थियो ।

कार्यक्रममा कलेज सञ्चालन समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिका शिक्षा क्षेत्रमा नेपालमै सबैभन्दा अगाडि रहेको बताउनुभयो ।रासस

# निलम्बित प्रधानन्यायाधीश बयान पुनः लिइने

काठमाण्डु । निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराले महाभियोग सिफारिस समितिको बैठकमा बुधबार उपस्थिति भएर बयान दिनुभएको छ ।

बयानको पहिलो दिनमा चार प्रश्नमा मात्र छलफल भएको छ भोलि बिहीबार पुनः११ बजे बयान हुने तय भएको छ ।

बयानपछि सांसद लालबाबु पण्डितले बयानको प्रारम्भ भएको र राणामाथि लागेको आरोपका विषयबाट बयान प्रारम्भ गरिएको जानकारी दिनुभयो ।

उहाँमाथि लागेका आरोपका विषयबाट बयान सुरुआत भयो', उहाँले भन्नुभयो, ‘प्रश्न, प्रतिप्रश्न आज चारघण्टाजति छलफल भयो, खासगरी न्यायापालिकामा हुने भ्रष्टाचार, समयमा न्यायनिरुपण नभएको, विचौलियाको प्रयोग भएको जस्ता विषयमा प्रश्न गरिएको थियो ।'




निलम्बित प्रधानन्यायाधीश राणाका लागि बयान लिन समितिले ४३ वटा प्रश्न तयार तयार गरेको छ । आज चार वटा प्रश्नमाथि मात्र छलफल भएको छ । बयानपछि समितिमा सांसद मीन विश्वकर्माले पनि बयान प्रारम्भ भएको र त्यसको निष्कर्ष आउन समय लाग्ने जानकारी दिँदै निलम्बित प्रधानन्यायाधीश जबराले आफू दोषी नभएको तर सबैले आफूमाथि एक पक्षीयरुपमा आरोप लगाएको बयान दिनुभएको बताउनुभयो ।

छ महिनाभन्दा बढीदेखि निलम्बनको अवस्थामा रहनुभएका राणाको महाअभियोग प्रमाणित हुने वा नहुने विषयले तीन महिनामै निष्कर्ष आउनुपर्ने भए पनि लामो समयपछि समितिमा छलफल प्रारम्भ भएको छ ।

उक्त समितिको यही भदौ ८ गते बसेको बैठकले उहाँलाई बयानका लागि बोलाउने निर्णय गरेको थियो । उक्त निर्णयअनुसार राणा आज बयानका लागि समितिमा उपस्थित हुनुभएको हो ।

राणाविरुद्ध गत फागुन १ मा प्रतिनिधिसभाका ९८ सांसदले महाभियोग प्रस्ताव दर्ता गर्नुभएको थियो । संसद्ले महाभियोग सिफारिस समिति गठन गरे पनि यहीँ भदौ १ गते पहिलो बैठक बसेको थियो ।

राणाविरूद्ध नेपाल बार एसोसिएसन र सर्वोच्च बार एसोसिएसनले महाअभियोग पुष्टि गर्न ३४ बुँदे पत्र समितिलाई बुझाएको थियो । उक्त पत्रमा महाअभियोग लगाउने आधार र कारणसमेत समेटिएको छ । समितिले निलम्बनमा पर्नुभएका प्रधानन्यायाधीशलाई प्रश्न सोध्ने र राणाले प्रश्नको जवाफ दिनेक्रम बिहीबार पनि हुनेछ ।

बुधबारको बैठकमा निलम्बित प्रधानन्यायाधीश राणा १०:४५ बजे नै ११ बजेको बयानका लागि सिंहदरबार पुग्नुभएको तर बैठक कसरी अघि बढाउने भन्ने विषयमा समितिमा छलफल गर्दा करिब एक घण्टा ढिला बयान प्रारम्भ भएको थियो ।रासस

# कोरोनाबाट पचहत्तर जनाको मृत्य

**एपी**

सोल । दक्षिण कोरिया, न्युजिल्याण्ड र मलेसियामा कोभिड-१९ सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या मङ्गलबार पनि अप्रत्यासितरूपमा बढेको छ । चिनियाँ समाचार समिति सिन्ह्वाका अनुसार मङ्गलबार दक्षिण कोरियामा ७५, मलेसियामा चार र न्युजिल्याण्डमा अनुसार १७ जनाको मृत्यु भएको छ ।



न्यूजिल्याण्डको स्वास्थ्य मन्त्रालयले बुधबार जनाएअनुसार अघिल्लो महिनाको तुलनामा नयाँ सङ्क्रमितको सङ्ख्या लगातार घटेको छ । मङ्गलबार मध्यरातसम्मको विवरण सार्वजनिक गर्दै सरकारी अधिकारीले देशका विभिन्न भागमा दुई हजार दुई सय ४४ नयाँ बिरामी थपिएका बताएका छन् ।

एक महिनाअघि न्युजिल्याण्डमा दैनिकरूपमा १० हजारभन्दा बढी नयाँ सङ्क्रमित फेला परेका थिए । बिरामीको देशका विभिन्न अस्पतालमा उपचार भइरहेको छ । हाल न्युजिल्याण्डमा कोभिड-१९ सङ्क्रमितको सङ्ख्या १७ लाख २४ हजार सात सय २४ रहेको छ भने यो रोगको सङ्क्रमणबाट एक हजार आठ सय ९३ जनाले ज्यान गुमाएका छन् ।

यसैबीच, मलेसियामा मङ्गलबार मध्यरातसम्मको विवरणअनुसार चार जनाले कोभिड-१९ बाट ज्यान गुमाएका छन् । हालसम्म मलेसियामा ३६ हजार दुई सय १० जनाको कोरोना सङ्क्रमणबाट मृत्यु भइसकेको छ । देशमा कुल ४७ लाख ८० हजार दुई सय ८४ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ ।

दक्षिण कोरियामा भने महामारी साम्य हुने लक्षण देखिएको छैन । मङ्गलबार एकै दिन ७५ जनाको मृत्यु भएको छ । सोमबार मध्यरात सार्वजनिक गरिएको विवरणअनुसार देशमा एक लाख तीन हजार नौ सय ६१ जना नयाँ सङ्क्रमित थपिएका छन् । हाल दक्षिण कोरियामा कोभिड-१९ सङ्क्रमितको सङ्ख्या दुई करोड ३२ लाख ४६ हजार तीन सय ८९ पुगेको छ ।

मंगबारको तुलनामा मङ्गलबार भारतमा पनि कोरोनाका बिरामी बढेका छन् । भारतको केन्द्रीय स्वास्थ्य मन्त्रालयले मङ्गलबार सात हजार दुई सय ३१ जनामा कोभिड-१९ पुष्टि भएको जनाएको छ । नयाँ बिरामी थपिएसँगै देशभरका सङ्क्रमितको सङ्ख्या चार करोड ४४ लाख २८ हजार तीन सय ९३ पुगेको छ । बुधबार उक्त रोग लागेर ४५ जनाको मृत्यु भएको छ । महामारी प्रारम्भ भएयता भारतमा कोरोना लागेर पाँच लाख २७ हजार आठ सय ७४ जनाको ज्यान गइसकेको छ ।

# उचित नीति अपनाउन अन्तर्राष्ट्रिय समुदायसँग आग्रह

**सिन्ह्वा**

काबुल । अफगानिस्तानको तालिबान समूहद्वारा सञ्चालित कामचलाउ सरकारले विश्व समुदायलाई अफगानिस्तानमा नयाँ संस्थापनलाई दबाब नदिन र त्यसप्रति उचित नीति अवलम्बन गर्न आह्वान गरेको छ । अमेरिकी सेना फिर्ता भएको पहिलो वर्षगाँठका अवसरमा प्रशासनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, तालिवान प्रशासनले अन्तर्राष्ट्रिय समुदायलाई अफगानिस्तानप्रति उचित नीति अवलम्बन गर्न र देशको स्वतन्त्रता र क्षेत्रीय अखण्डताको सम्मान गर्न पुनः एकपटक आह्वान गरेको छ ।'

हामी चाहन्छौं कि अन्तर्राष्ट्रिय समुदायले अफगानीहरूको इच्छाको सम्मान गरोस्, अफगानीहरूलाई उनीहरूको रोजाइको इस्लामिक प्रणाली राख्न देओस् र एक स्वतन्त्र राष्ट्रको रूपमा विश्व समुदायसँग सामान्य र सकारात्मक सम्बन्ध राखोस्,' विज्ञप्तिमा भनिएको छ । वक्तव्यमा २० वर्षको विदेशी सेनाको उपस्थितिमा पीडित भएकाहरूप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै उनीहरूलाई अफगानिस्तानका विश्वासी जनताको संज्ञा दिइएको छ ।

अफगानिस्तानबाट अमेरिकी नेतृत्वको सेना फिर्ता भएको उपलक्ष्यमा आयोजित समारोहमा बोल्दै कार्यवाहक प्रधानमन्त्री मुल्लाह मोहम्मद हसन अखुन्दले अमेरिकी सेनाविरुद्ध अफगानीको विजयका रूपमा यस दिनको प्रसंशा गर्नुभएको छ । अखुन्दले अमेरिकी सेनाको २० वर्षको कब्जाले विनाश, गरिबी, प्रशासनका नेताहरूमाथिको यात्रा प्रतिबन्ध र देशमाथिको प्रतिबन्धबाहेक अरू केही बाँकी नराखेको पनि उल्लेख गर्नुभयो ।

अखुन्दले आफ्नो प्रशासन कुनै पनि पक्षसँग कुनै पनि विवादित मुद्दा वार्ताको माध्यमबाट समाधान गर्न तयार रहेको पनि बताउनु भएको छ । अगष्त ३१ को दिनलाई सार्वजनिक बिदाको रूपमा घोषणा गरिएको छ र प्रशासनले विजय भएको ३० अगस्टको रातलाई पटाकाबाजी गरी हर्ष मनाउनुका साथै उक्त दिनमा सैन्य प्रदर्शन गरेको थियो ।

# चार दशकपछि बृहत् प्रतियोगिता हुँदै

काठमाण्डु । मुलुककै सुन्दर पर्यटकीय नगरी कास्कीको पोखरामा आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता हुँदैछ । प्रतियोगितामा तीन हजार छ सय ८५ महिलासहित सात हजार सात सय ९० खेलाडीले विभिन्न ३६ खेल विधामा प्रतिस्पर्धा गर्नेछन् । नेपालको खेलकुदको इतिहासमा पोखरामा चार दशकपछि दोस्रोपटक राष्ट्रिय खेलकुद प्रतियोगिता हुन लागेको हो । यसअघि २०४० चैत १२ देखि २० गतेसम्म पोखरामा 'दोस्रो राष्ट्रिय खेलकुद प्रतियोगिता' आयोजना गरिएको थियो ।



प्रतियोगिता आयोजक कार्यकारिणी समितिका सदस्यसचिव फणिन्द्र पौडेलका अनुसार प्रतियोगितामा सात प्रदेश, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र गैरआवासीय नेपाली सङ्घ (एनआरएन) का खेलाडीबीच प्रतिस्पर्धा हुनेछ । प्रत्येक टोलीबाट कम्तीमा तीन सय ३५ महिला र तीन सय ७४ पुरुष खेलाडीको सहभागिता रहने छ ।

**३६ खेल खेलाइने**

नवौँ राष्ट्रिय खेलकुदमा फुटबल, क्रिकेट, टेनिस, एथलेक्टिस, भारत्तोलन, सुटिङ, ब्याडमिन्टन, टेबलटेनिस, बक्सिङ, भलिबल, बुद्धिचाल, खोखो, कराँते, जिम्न्याष्टिक, पौडी र कबड्डी खेल समावेश गरिएको छ । यस्तै हयाण्डबल, जुडो, कुस्ती, फुटबल, कराते, सफ्टटेनिस, स्क्वास, तेक्वान्दो, उसु, बास्केटबल, शारीरिक सुगठन, आइटिएफ तेक्वान्दो, सेपाताक्रो, गल्फ, आर्चरी, साइक्लिङ, फेन्सिङ, ट्रायथलन र प्याराग्लाइडिङ पनि प्रतियोगितामा समेटिएका छन् ।

प्रतियोगिता धेरैभन्दा धेरै खेलाडीबीच प्रतिस्पर्धा होस् भन्ने हेतुले खेलाडी तयार गर्न प्रत्येक प्रदेशलाई रु ४९ लाखका दरले रकम उपलब्ध गराएको युवा तथा खेलकुद मन्त्रालयका सचिव डा दामोदर रेग्मीले जानकारी दिनुभयो । मन्त्रालयका अनुसार प्रतियोगिता भव्य र सभ्यरूपमा सम्पन्न गर्न गण्डकी प्रदेश सरकारले हरतवरले सहयोग पुऱ्याउने ऐक्यबद्धतासहित प्रतिबद्धता जनाइसकेको छ । प्रतियोगिताअन्तर्गत १८ विधाका खेल पोखरामा हुनेछन् भने केही खेल गण्डकी प्रदेश मातहतका अरु जिल्लामा सञ्चालन गरिनेछन् । खेलाडी, प्रशिक्षक, आयोजक समिति, निर्णायकमण्डलसहित करिब १२ हजार पाँच सय जना प्रत्यक्ष सहभागी हुने उक्त प्रतियोगिता खेल उत्सवका रूपमा रहने रेग्मी बताउनुहुन्छ ।

**दश लाख रुपैयाँको 'रनिङ ट्रफी'**

राष्ट्रिय खेलकुद प्रतियोगितामा नयाँ सुरुआतका रूपमा यसपटकदेखि सुन र चाँदीजडित करिब रु १० लाख लागतमा तयार गरिने 'रनिङ ट्रफी'को व्यवस्था गरिएको छ । तीनपटक लगातार प्रतियोगिता जित्ने टोलीलाई उक्त ट्रफी प्रदान गरिनेछ । विश्वका अन्य मुलुकमा पनि यस्तो अभ्यास रहेको सचिव रेग्मीले बताउनुभयो । प्रतियोगिताअन्तर्गत व्यक्तिगत प्रतिस्पर्धामा स्वर्ण पदक जित्नेलाई रु २५ हजार तथा सामूहिकतर्फका स्वर्ण पदकधारीलाई रु १५ हजार नगद पुरस्कार प्रदान गरिने सचिव रेग्मी बताउनुहुन्छ ।

**साठी करोड खर्च हुने अनुमान**

नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि तीन सय ९३ स्वर्ण, तीन सय ९३ रजत र छ सय कास्य पदक यसअघि नै तय भइसकेको छ । प्रतियोगिताका सिलसिलामा चार सय आठ प्रतिस्पर्धा हुनेछन् । प्रतियोगिताका लागि लोगो, मस्कट र नारा छनोट भइसकेको छ । प्रतियोगिता सम्पन्न गर्न करिब रु ६० करोड बजेटको सुनिश्चिता भएको छ ।

प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने निर्देशिका स्वीकृत, मूल आयोजक समिति र अरु १३ विषयगत उपसमिति गठन तथा कार्यकारी समितिको सचिवालय स्थापनाको काम यसअघि नै सम्पन्न भइसकेको सचिव रेग्मीले बताउनुभयो । प्रतियोगिताका सन्दर्भमा खेलसामग्री, पोशाक, किट ब्यागलगायत खरिदका लागि लागत अनुमान कमिटी गठनमात्र होइन, खरिदका लागि बोलपत्र आह्वान पनि भइसकेको छ । प्रचार-प्रसारको काम पनि यसअघि नै प्रारम्भ गरिसकिएको छ । अहिले खेलस्थलको अनुमगन र निरीक्षण गरी अन्तिम टुङ्गो लगाउने कार्य भइरहेको छ ।

राष्ट्रिय ट्रफी, विजेता ट्रफी र मेडलको नमूना तयार गरी खरिद प्रक्रियासमेत अघि बढिसकेको आयोजक समितिले जानकारी दिएको छ । नेपालको साहसिक खेलका रूपमा ठूलो सम्भावना बोकेको क्यानोइङ तथा नेपालको परम्परागत छेलोलाई प्रदर्शनी खेलका रूपमा राखिएको छ । 'स्वास्थ्यका लागि खेल' भन्ने नारालाई सार्थकता प्रदान गर्न यस्ता राष्ट्रिय प्रतियोगिताले थप हौसला प्रदान गर्ने सचिव रेग्मी बताउनुहुन्छ ।

निजी क्षेत्रका तर्फबाट पनि प्रतियोगितामा योगदान होस् भन्ने उद्देश्यले प्रायोजकका रूपमा उहाँहरूलाई समावेश गर्ने तयारी भइरहेको युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराजले बताउनुभयो । उहाँले भन्नुभयो, "पोखरामा प्रतियोगिता आयोजना गर्ने सन्दर्भमा प्रदेश सरकार र स्थानीय सरकार अत्यन्तै उत्साहित छन् । बजेटको सुनिश्चिता भइसकेको छ ।"

**सहभागिता, समन्वय र सहजीकरण गर्न आह्वान**

प्रतियोगितालाई सफल तुल्याउने सिलसिलामा सहभागिता, समन्वय र सहजीकरणका लागि आयोजक समितिले सातै प्रदेश सरकारलाई पत्रचार गरिसकेको छ । सातै प्रदेशका मुख्यमन्त्री, खेलकुद मन्त्रालकका पदाधिकारी र प्रमुख सचिवलाई भेटेर अधिकभन्दा अधिक खेलाडी सहभागी गराई खेलक्षेत्रको प्रतिस्पर्धाको स्तरवृद्धिमा सहयोग पुऱ्याउन अनुरोध गरिने सचिव रेग्मीले बताउनुभयो । प्रतियोगिताअन्तर्गत अधिकांश खेलमा महिला र पुरुषको समान सहभागिता रहनेछ ।

विगतमा सङ्घीय संरचनाको ढाँचामा हुँदै आएको राष्ट्रिय खेलकुद प्रतियोगिता यसपटक भने प्रादेशिक संरचनामा पहिलोपटक हुन लागेको सचिव रेग्मीले बताउनुहुन्छ । यसपटक गण्डकी प्रदेश खेलकुद परिषद्लाई सहआयोजकका रूपमा अघि सारिएको छ । सातै प्रदेशका खेलकुदमन्त्री रहने गरी समन्वय समिति गठन गरिएको छ । कोरोना सङ्क्रमण, पर्यटक आगमनको याम (सिजन) तथा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मुखैमा प्रतियोगिता हुन लागेकाले खेलाडी व्यवस्थापनलगायतमा केही चुनौती आउनसक्ने पूर्वानुमान गरी पर्याप्त होसियारी अपनाइएको आयोजक समितिले जनाएको छ ।

**राष्ट्रिय खेलकुद प्रतियोगिताको इतिहास**

पहिलो राष्ट्रिय खेलकुद प्रतियोगिता २०३८ भदौ २७ देखि असोज ४ गतेसम्म काठमाडौँमा भएको थियो । उक्त प्रतियोगितामा बागमती अञ्चल विजयी भएको थियो । उक्त प्रतियोगितामा दुई सय २३ महिलासहित एक हजार चार सय ४३ खेलाडीले १६ खेलमा दुई सय २६ पदकका लागि प्रतिस्पर्धा गरेका थिए । विसं २०४० चैत १२ देखि २० गतेसम्म पोखरामा आयोजना भएको दोस्रो राष्ट्रिय खेलकुद प्रतियोगितामा १९ खेल विधामा तीन सय ७० पदकका लागि पाँच सय ३९ महिलासहित दुई हजार ५७ खेलाडीबीच प्रतिस्पर्धा भएको थियो । विसं २०४२ फागुन २३ देखि चैत १ गतेसम्म वीरगञ्जमा भएको तेस्रो राष्ट्रिय खेलकुदमा सात सय ३८ महिलासहित दुई हजार सात सय ७५ खेलाडी २१ खेल विधामार्फत तीन सय ७० पदका लागि प्रतिस्पर्धा गरेको इतिहास छ ।

बाँकेको नेपालगञ्जमा २०५५ चैत ८ देखि १४ गतेसम्म पाँच विकास क्षेत्र, नेपाली सेना र नेपाल प्रहरीको टोलीले १२ खेल विधामार्फत चार सय ६९ पदकका लागि प्रतिस्पर्धा गरेकामा मध्यमाञ्चल विजयी भएको थियो । उक्त चौथो राष्ट्रिय खेलकुद प्रतियोगितामा एक हजार छ सय ६२ खेलाडीबीच पदकका लागि भिडन्त भएको थियो । काठमाण्डुमा २०६५ चैत २४ देखि ३० गतेसम्म भएको पाँचौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा पाँच विकास क्षेत्र, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र तत्कालिन जनमुक्ति सेनाबीच प्रतिस्पर्धा भएकामा मध्यमाञ्चल विजयी भएको थियो । प्रतियोगितामा छ सय ४६ पदक र १३ खेल विधा कायम गरिएको थियो ।

यस्तै सुदूरपश्चिमको कैलाली, कञ्चनपुर र डडेल्धुरामा २०६८ चैत २४ देखि २८ गतेसम्म भएको छैटौं राष्ट्रिय प्रतियोगितामा पाँच विकास क्षेत्र, नेपाली सेना, एपिएफ, त्रिभुवन विश्वविद्यालय र तत्कालिन जनमुक्ति सेनाका एक हजार तीन सय ९४ महिलासहित तीन हजार छ सय २८ खेलाडीबीच प्रतिस्पर्धा भएको थियो । उक्त प्रतियोगितामा मध्यमाञ्चल विजयी भयो । प्रतियोगितामा ३६ खेल विधा र एक हजार तीन सय ८६ पदक कायम गरिएको युवा तथा खेलकुद मन्त्रालयको तथ्याङ्ककमा उल्लेख छ ।


यसैगरी पूर्वाञ्चल विकास क्षेत्रको झापा, मोरङ, सुनसरीलगायत जिल्लामा २०७३ पुस ८ देखि १५ गतेसम्म भएको सातौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा ३१ खेल विधाका लागि नौ सय दुई पदक कायम गरिएको थियो । प्रतियोगितामा पाँच विकास क्षेत्र र तीन विभागीय टिमका एक हजार छ सय ६९ महिलासहित तीन हजार नौ सय ७२ खेलाडीबीच प्रतिस्पर्धा भएको हो ।

आठौँ राष्ट्रिय खेलकुद प्रतियोगिता २०७५ वैशाख ५ देखि ११ गतेसम्म बाँके, बर्दिया, दाङलगायत जिल्लामा सम्पन्न भएको थियो । उक्त प्रतियोगितामा दुई हजार चार सय नौ महिला खेलाडीसहित पाँच हजार तीन सय पाँच खेलाडीले ३५ खेल विधामार्फत एक हजार एक सय ५८ पदकका लागि प्रतिस्पर्धा गरेका थिए । घुम्न अत्यन्तै अनुकूल मौसम र वातावरणमा हुन लागेको नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताले पोखराको पर्यटन प्रवर्द्धन गर्न थप योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

# चौबिस घण्टाको समयावधिमा छत्तिसको मृत्यु

**सिन्ह्वा**

इस्लामाबाद । पाकिस्तानमा भारी वर्षापछिको बाढी र वर्षासँग सम्बन्धित घटनाको कारण गएको २४ घण्टाको समयावधिमा ३६ जनाको मृत्यु भएको राष्ट्रिय प्रकोप व्यवस्थापन (एनडिएमए)का अधिकारीले जानकारी दिएका छन् ।



यस प्रकोपमा परी एक हजार नौ सय ४१ जना घाइते भएका पनि ती अधिकारीले थप जानकारी दिएका छन् । पाकिस्तानको पूर्वीभागमा रहेको पञ्जाव प्रान्त यस भीषण प्रकोपबाट सबभन्दा बढी प्रभावित भएको एनडिएमएले मङ्गलबार साँझमा प्रकाशन गरेको विज्ञप्तिमा जानकारी दिएको छ ।

यस क्षेत्रमा बाढी र वर्षा सम्बन्धित घटनामा परी १९ जनाको मृत्यु हुनुको साथै एक हजार नौ सय १९ जनाको घाइते भएका एनडिएमए जनाएको छ ।

त्यसपछि दोस्रो स्थानमा खैबर पाख्तुन्ख्वा प्रान्त रहेको यहाँ नौ जनाको मृत्यु भएको समाचारमा जनाइएको छ । वर्षा र बाढी प्रभावित क्षेत्रमा एक हजार पाँच सय ९१ किलोमिटर सडक र ८१ पुल र तीन वटा पसल क्षतिग्रस्त भएको छ ।

पाकिस्तानमा यस वर्षको मौसमी वर्षा शुरु भएयता एक हजार एक ६२ व्यक्तिको मृत्यु हुनुको साथै अन्य तीन हजार पाँच सय ५४ जना घाइते भएका एनडीएमएनले थप जानकारी दिएको छ ।

एनडीएमएनका अनुसार यस प्रकोप शुरुभएयता एक लाख १८ हजार दुई ४७ व्यक्तिको उद्धार गरिएको छ । हाल चार लाख ६२ हजार दुई सय ३६ व्यक्ति अस्थाई शिविरमा बस्दै आएका छन् । यस प्रकोपको कारण तीन करोड ३० लाख ४६ हजार तीन सय २९ व्यक्ति प्रभावित भएका जनाइएको छ । बाढी प्रभावित क्षेत्रमा उद्धारकार्य गर्न एडीएमए, अन्य सरकारी सङ्गठन, गैरसरकारी सङ्गठन र स्वयमसेवकको सहभागिता रहेको जनाइएको छ ।

# संयुक्त राष्ट्रसङ्घका महासचिव पाकिस्तान जाने

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेस आगामी हप्ता पाकिस्तानको भ्रमणमा जानुहुने भएको छ । पाकिस्तानमा केही हप्ता यतादेखिको बाढीपहिरोले पुऱ्याएको क्षतिका समयमा पाकिस्तानी सरकार र त्यहाँका नागरिकलाई सान्त्वना दिनका लागि महासचिव एन्टोनियो गुटरेसले पाकिस्तानको भ्रमण गर्न लाग्नुभएको महासचिव गुटरेसका प्रवक्ताले जानकारी दिनुभएको छ ।

उहाँ आगामी सेप्टेम्बर ९ मा पाकिस्तान पुग्नुहुने उहाँका प्रवक्ता स्टेफन डुजारिकले जानकारी दिनुभएको हो । महासचिव गुटरेसले पाकिस्तानमा बाढी र पहिरोबाट सबैभन्दा बढी प्रभावित क्षेत्रको भ्रमण गर्नुहुने पनि उहाँले जानकारी दिनुभएको हो ।



पाकिस्तानका विभिन्न भागमा परेको अविरल वर्षासँगै आएको बाढीपहिरोमा परेर एक हजार एक सयभन्दा बढी मानिसको मृत्यु भएको छ । यो बाढीमा परेर तीन करोड ३० लाखभन्दा बढी मानिस प्रभावित भएका छन् । यहाँ गएको हप्तादेखि अविरलरुपमा वर्षा भएको छ । राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका अनुसार पाकिस्तानमा बितेका दुई महिनामा वर्षाजन्य दुर्घटनामा परेर ती व्यक्तिको मृत्यु भएको हो । यहाँका एक हजार छ सय ३४ जना घाइते अस्पतालमा रहेका छन् ।

# बाढीपीडितका लागि अन्तरराष्ट्रिय सहयोगको अपिल

**सिन्ह्वा**

इस्लामावाद । पाकिस्तानका प्रधानमन्त्री साबाज शरिफले पाकिस्तानमा बाढीले इतिहासमै सबैभन्दा खराबरुपमा प्रभावित पारेको बताउनुभएको छ । प्रधानमन्त्री शरिफले बाढीका कारण पाकिस्तानमा अहिले इतिहासमै सबैभन्दा बढी क्षति पुगेको बताउँदै सहयोगका लागि सबैसँग अपिल गर्नुभएको हो ।

उहाँले पाकिस्तानी नागरिकका साथै विदेशी दाता निकाय तथा देशसँग सो अपिल गर्नुभएको प्राप्त समाचारमा जनाइएको छ । बाढीका कारण विस्थापित भएका व्यक्तिको सङ्ख्या दर्शौं लाख भएकाले उनीहरुको उद्धार, पुनर्स्थापना र राहतका लागि ठूलो आर्थिक सहयोग आवश्यक रहेको भन्दै यसका लागि उहाँले आग्रह गर्नुभएको छ ।



यहाँका कैयौँ प्रान्तमा बाढीले गरेको क्षति न्युनिकरणका लागि सरकारले प्रयत्न गरिरहेको भए पनि सबै नागरिकलाई बास र खानपिनको उचित व्यवस्थापन गर्न सम्भव हुन सकेको छैन । त्यसैले उनीहरुलाई राहात र पुनर्स्थापनाका लागि ठूलो मात्रामा आर्थिक सहयोग आवश्यक परेको भन्दै अन्तरराष्ट्रिय समुदायसँग सहयोगको अपिल गर्नुभएको हो ।

पाकिस्तानका विभिन्न भागमा परेको अविरल वर्षासँगै आएको बाढी र पहिरोमा परेर एक हजार एक सयभन्दा बढी मानिसको मृत्यु भएको छ । यो बाढीमा परेर तीन करोड ३० लाखभन्दा बढी मानिस प्रभावित भएका छन् । यहाँ गएको हप्तादेखि अविरलरुपमा वर्षा भएको छ । राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका अनुसार पाकिस्तानमा बितेका दुई महिनामा वर्षाजन्य दुर्घटनामा परेर ती व्यक्तिको मृत्यु भएको हो । यहाँका एक हजार छ सय ३४ जना घाइते भई अस्पतालमा रहेका छन् । पाकिस्तानी अधिकारीका अनुसार यहाँका बलुचिस्तान, गिलगिट बाल्टिस्तान, खैबर पख्तुनख्वा र सिन्ध प्रान्त बाढी र त्यसपछि आएको पहिरोबाट बढी मात्रामा प्रभावित छन् ।

# जैविध विविधता संरक्षणमा नेपाल र भारतीबीच साझेदारी

**एएनआई**

नयाँदिल्ली । भारत सरकारले नेपाल र भारतबीच जैविक विविधता संरक्षणका क्षेत्रमा भएका आपसी



समझदारीलाइ अनुमोदन गरेको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा बुधबार भएको केन्द्रीय मन्त्रिपरिषद्को बैठकले जैविक विविधता संरक्षणको क्षेत्रमा भारत र नेपालबीच आपसी सहयोग प्रवर्द्धन गर्नेसम्बन्धी समझदारीलाई अनुमोदन गरिएको हो । समझदारी अनुमोदन भएसँगै नेपाल र भारतबीच वन, वातावरण, वन्यजन्तु र जलवायु परिवर्तनका क्षेत्रमा सहकार्य गर्न बाटो खुलेको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा भएको केन्द्रीय मन्त्रिपरिषद्ले समन्वय र सहयोगलाई सुदृढ गर्ने उद्देश्यले जैविक विविधता संरक्षणमा नेपाल सरकारसँग एमओयूमा हस्ताक्षर गर्न वातावरण, वन र जलवायु परिवर्तन मन्त्रालयको प्रस्तावलाई अनुमोदन गरेको छ, दुई देशबीच वन, वन्यजन्तु, वातावरण, जैविक विविधता संरक्षण र जलवायु परिवर्तनको क्षेत्रमा करिडोरको पुनःस्थापना र आपसमा जोड्ने क्षेत्रमा ज्ञान एवम् उत्कृष्ट अभ्यास आदानप्रदान गर्नेलगायत सहकार्य हुनेछ,' मन्त्रिपरिषद्द्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

# राष्ट्रिय प्रसारण लाइनमा थपियो २७ मेगावाट बिजुली



लमजुङ । लमजुङबाट राष्ट्रिय प्रसारण लाइनमा २७ मेगावाट बिजुली थपिएको छ । हिमालयन पावर पार्टनर लिमिटेड कम्पनीद्वारा दोर्दी गाउँपालिकामा निर्माण गरेको दोर्दी जलविद्युत् आयोजना सम्पन्न भएसँगै मङ्गलबारदेखि बिजुली राष्ट्रिय प्रसारण लाइनमा थपिएको हो ।

गैरआवासीय नेपाली सङ्घ (एनआरएन)का पूर्वअध्यक्ष एवं प्रवर्द्धक हिमालय पावर पार्टनर लिमिटेडका अध्यक्ष जिवा लामिछाने र लगानीकर्ता आइएमई ग्रुपका अध्यक्ष चन्द्र ढकालको उपस्थितिमा उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जडान भएको घोषणा गरिएको हो ।

एनआरएनका पूर्वअध्यक्ष लामिछानेले आफू अध्यक्ष रहेका बेला गैरआवासीय नेपालीले एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट कम्पनी खोलेर उक्त संस्थामार्फत यस जिल्लामा पहिलोपटक दोर्दीखोला जलविद्युत् आयोजनामा लगानी गरेको बताउनुभयो । उहाँले नेपालमा सफल व्यवसायीसँग मिलेर काम गरेको र गैरआवासीय नेपालीको लगानीबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जडान भएकामा खुसी व्यक्त गर्नुभयो ।

त्यस्तै आइएमई ग्रुपका अध्यक्ष ढकालले एनआरएनसँग मिलेर दोर्दीखोला जलविद्युत् आयोजनालाई अघि सारिएको र अहिले सम्पन्न भएको भन्दै खुसी व्यक्त गर्नुभयो । आउँदा दिनमा ठूला जलविद्युत्, पर्यटन, पूर्वाधारलगायतमा लगानी गर्न उहाँले गैरआवासीय नेपालीलाई आग्रह गर्नुभएको छ ।

आयोजनाले २०७२ फागुनदेखि निर्माण थालनी गरेर २०७५ भदौ १५ गते विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको थियो । भारतको नाकाबन्दी, अघिल्लो बर्खामा पावरहाउसमा मर्स्याङ्दी नदीको पानी छिरेर मेसिनरी सामग्रीमा पुर्‍याएको क्षति र सुरुङ निर्माण गर्ने क्रममा कमजोर चट्टान भेटिएकाले निर्माणमा ढिलाइ भएको आयोजना प्रमुख मुन्न शाक्यले बताउनुभयो ।

आयोजनाको बाँधस्थल दुई सय १२ मिटरको रहेको छ । बैंसीसहर नगरपालिका-११ रामचोकबैंसीमा विद्युतगृह छ । नेपाल विद्युत् प्राधिकरण र उक्त कम्पनीका बीचमा पिपिए सम्झौता २०६९ असार १ गते भएको थियो । बाँधस्थल र विद्युतगृहको काम रसुवा कन्स्ट्रक्सन कम्पनी, पाइप लाइनको माछापुच्छ्रे मेटल एण्ड मेसेरेनरी कम्पनी र सुरुङ निर्माणको काम मल्टि इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट कम्पनीको रहेको थियो ।

आयोजनामा गैरआवासीय नेपाली सङ्घको ३५ दशमलव सात प्रतिशत, आइएमई ग्रुपको ३४ दशमलव तीन प्रतिशत र ३० प्रतिशत सर्वसाधारणको लगानी छ । रु तीन अर्ब ८६ करोडमा निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ अघि बढे पनि निर्माण सम्पन्न हुँदा करिब रु पाँच अर्बभन्दा बढी खर्च भएको आयोजनाले जनाएको छ ।

सुक्खायाममा आठ रुपैयाँ ४० पैसा र बर्खायाममा चार रुपैयाँ ८० पैसामा विद्युत् खरिद गर्ने सम्झौता (पिपिए) भएको आयोजनाले जनाएको छ । यसअघि जिल्लामा ७० मेगावाटको मध्यमर्स्याङ्दी जलविद्युत् केन्द्र, ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी 'ए' लगायत छ आयोजनाबाट राष्ट्रिय प्रसारण लाइनमा बिजुली जोडिएको छ ।रासस

# आयात केही खुकुलो- केमा खुल्यो, केमा बन्देज जारी?

काठमाण्डु । सरकारले आयातमा गरेको प्रतिबन्ध केही खुला गरेको छ । गत वैशाखदेखि सरकारले १० वटा वस्तुको आयातमा रोक लगाएको थियो। यो प्रतिबन्ध भदौ १० गतेसम्म तोकिएको थियो।


यसमध्ये सरकारले केही सीमित वस्तुको आयात खुला गरेको छ भने केहीको प्रतिबन्ध असोज २८ गतेसम्मलाई लम्ब्याएको छ।

कुरकुरे, लेज र यस्तै उत्पादनहरू, चुरोट तथा सूर्तिजन्य वस्तु (कच्चापदार्थ बाहेक), हिरा (औद्योगिक कच्चा पदार्थबाहेक), बत्तीस इञ्चभन्दा माथिका रंगीन टेलिभिजन, सबै प्रकारका खेलौना र खेल्ने तास आयात खुकुलो भएको छ।

सरकारले चार वस्तुमा भने अझै प्रतिबन्ध कायम गरेको छ।

सबै प्रकारका तयारी मदिरा, तीन सय डलर माथिका स्मार्टफोन, जिप, कार र भ्यान, एक सय ५० सिसी माथिका मोटरसाइकलमा प्रतिबन्ध कायम रहनेछ।

# दोहोरो अंकले घट्यो बजार, कारोबार रकम १ अर्ब १२ करोडमा सीमित



काठमाण्डु । केही दिनदेखि स्थिर रहेको नेप्से परिसूचक बुधबार भने दोहोरो अंकले घटेको छ। बुधबार बजार २१.९७ अंकले घटेको हो। बुधबार नेप्से १.१० प्रतिशतले घटेर १९७३.३८ बिन्दुमा पुगेर बन्द भएको छ।

यस दिन २२४ वटा धितोपत्रको १ अर्ब १२ करोड ६२ लाख १७ हजार ८६२ रुपैयाँ बराबरको कारोबार भएको छ।

बुधबार हिमालयन एभरेष्ट इन्स्योरेन्सको संस्थापक शेयरको मूल्य सबैभन्दा धेरै १० प्रतिशतले बढेको छ। त्यस्तै, आरबिबि म्युचुअल फण्ड-१ को इकाइ मूल्य १.९७ प्रतिशतले बढेर प्रति इकाई मूल्य ७ रुपैयाँ ७५ पैसा कायम भएको छ। यस दिन सेयर मूल्य सर्वाधिक घट्नेमा हिमालयन पावर पार्टनर रहेको छ। कम्पनीको सेयर मूल्य ६.८६ प्रतिशतले घटेर प्रतिकित्ता मूल्य ३३८ रुपैयाँ २० पैसामा झरेको छ।

त्यस्तै, अपर सोलु हाइड्रोपावरको सेयर मूल्य ५.२२ प्रतिशतले घटेर प्रतिकित्ता मूल्य ३४१ रुपैयाँ २० पैसा कायम भएको छ। यस दिन सर्वाधिक सेयर खरिद-बिक्री भने नेपाल दूरसञ्चार कम्पनीको भएको छ। कम्पनीको १० करोड ७४ लाख रुपैयाँ बराबरको सेयर खरिद-बिक्री भएको हो।

सो कम्पनीको सेयर मूल्य प्रतिकित्ता ९२७ रुपैयाँ कायम भएको छ। यो मूल्य अघिल्लो दिनको तुलनामा १.२९ प्रतिशत घटेको हो। सर्वाधिक सेयर खरिद-बिक्री हुने दोस्रो कम्पनीमा रिडी पावर कम्पनी रहेको छ। उक्त कम्पनीको ५७९ रुपैयाँमा ६ करोड ४० लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ।

त्यस्तै, आज कारोबारमा आएका १३ वटा समूहगत परिसूचकमध्ये सबै समूहको परिसूचक घट्दा समग्र नेप्से घटेको हो। यस दिन वित्त समूहको परिसूचक सर्वाधिक २.४२ प्रतिशत र जलविद्युत समूहको परिसूचक २.१७ प्रतिशतले घटेको छ।

त्यस्तै वित्त, होटल्स तथा पर्यटन, विकास बैंक, उत्पादन तथा प्रशोधन, अन्य, लघुवित्त र जीवन बीमा समूहको परिसूचक १ प्रतिशतभन्दा बढीले घटेको छ।

# एकैसाथ आठ वटा सहायक पब्लिक कम्पनीको उद्घाटन

काठमाण्डु । मुक्तिनाथ कृषि कम्पनीले एकैसाथ आठ वटा सहायक पब्लिक कम्पनीको उद्घाटन गरेको छ।




कम्पनीले चौथो स्थापना अवसरको पारेर कृषि क्षेत्रमा विशिष्टकृत वस्तु तथा सेवाहरू उपलब्ध गराउने लक्ष्य सहित एकैपटक मुक्तिनाथ सिड बैंक, मुक्तिनाथ फर्टिलाइजर बैंक, मुक्तिनाथ नर्सरी बैंक, मुक्तिनाथ लाइभ स्टक बैंक, मुक्तिनाथ हर्बल बैंक, मुक्तिनाथ फुड बैंक, मुक्तिनाथ एग्रो मेशिनरी र मुक्तिनाथ ट्रेडिङ गरी आठ वटा सहायक कम्पनीहरूको उद्घाटन गरेको छ।

देशको कुल ग्राहस्थ उत्पादनमा सबैभन्दा ठूलो हिस्सा ओगटेको कृषि क्षेत्रको समग्र विकासका लागि वित्तीय र गैर वित्तीय सेवाहरू प्रदान गरी कृषि चक्र बनाउने उद्देश्यले बैंकको प्रमुख लगानीमा उक्त कृषि कम्पनीको स्थापना भएको हो।

आफ्नो स्थापनाकाल देखि नै निरन्तर रूपमा राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यवसायिक साझेदार, कम्पनी तथा फर्म, कृषक समूह, सहकारीहरूसँग सहकार्य गर्दै कृषिको मूल्य श्रृंखला विकासका लागि व्यवस्थापकिय भूमिका निर्वाह गर्ने प्रयत्न गरिरहेको बैंकले बताएको छ।

जसको लागि 'गाउँको उत्पादन शहरमा, शहरको पुँजी गाउँमा' र 'समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि' भन्ने मुलमन्त्रलाई सार्थक तुल्याउन 'कृषकसँग मुक्तिनाथ' र 'उपभोक्तासँग मुक्तिनाथ' अभियानको शुरुवात गरी सोही अनुसारका कार्यक्रमहरू गर्दै आइरहेको कम्पनीले बताएको छ।

मुक्तिनाथ कृषि कम्पनीले आफ्नो चौथो स्थापना दिवस मनाइरहँदा वितेका ४ वर्षहरू विशेषगरी नेपालको कृषि क्षेत्रमा विद्यमान समस्याहरू, भइरहेका प्रयासहरू, व्यवसायिक अवसरहरू र समग्र कृषि क्षेत्रको विकासमा समग्र निजी क्षेत्र र कम्पनीले गर्नुपर्ने लगानीका क्षेत्रहरू पहिचान गर्नका लागि मुख्यतः व्यतित गरेको र स्पष्ट मार्गचित्र तयार गरेको छ।

साथै कम्पनीले आफ्नो उद्देश्य अनुसार हाल कृषकहरूलाई आवश्यक गुणस्तरीय उत्पादनका साधनहरू जस्तै मल, बिउ, रोग किरा नियन्त्रक, औजार उपकरण सहित कृषि परामर्श सेवा, अनुसन्धान, विकास र प्रविधि प्रसारको साथै कृषि उत्पादनहरूको खरिद सुनिश्चितता गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारीकरण सम्बन्धी कार्यहरू गर्दै आइरहेको छ।

हालसम्म कम्पनीले ६२ वटा जिल्लाहरूमा विभिन्न व्यवसायिक साझेदारहरूको माध्यमबाट कम्पनीको वस्तु तथा सेवाहरू प्रवाह गरेको छ।

जसको लागि पोखरा, बुटवल र चितवनमा प्रादेशिक कार्यालयहरू सञ्चालनमा रहेको र यो वर्ष इटहरी, चन्द्रनिगाहपुर, सुर्खेत र धनगढीमा प्रादेशिक कार्यालयहरू स्थापनको अन्तिम चरणमा पुगेको कम्पनीले बताएको छ ।

# यी छ वटा बैंकबाट आइपिओ भर्दा लाग्दैन सी-आस्बा शुल्क

काठमाण्डु । हालसम्म निःशुल्क सी-आस्बा सेवा प्रदान गर्ने वाणिज्य बैंकहरूको संख्या छ वटा पुगेको छ । हालै सानिमा बैंक र नेपाल बैंकले आस्बा शुल्क नलिने घोषणा गरेसँगै बैंकहरूको संख्या छ पुगेको हो।




यो सँगै राष्ट्रिय वाणिज्य बैंक, एनआइसी एशिया बैंक, नबिल बैंक, कुमारी बैंक, सानिमा बैंक र नेपाल बैंकबाट आइपिओ भर्दा सी-आस्बा शुल्क लाग्दैन।

नेपाल धितोपत्र बोर्डले सी-आस्बा सेवाको शुल्क अधिकतम पाँच रुपैयाँसम्म लिन पाउने व्यवस्था गरेको छ। बोर्डले उक्त व्यवस्था लागु गरेसँगै बैंकहरूले शुल्क घटाउन थालेका छन् भने कतिपयले निःशुल्क गर्न थालेका हुन्।

यसअघि लगानीकर्ताहरूले आइपिओ भरेबापत बैंकहरूलाई अधिकतम एक सय रुपैयाँसम्म यस्तो शुल्क तिर्दै आएका थिए।

आइपिओ भर्दा लगानीकर्ताको रकम बैंक खातामै रोक्का हुने व्यवस्थालाई सी-आस्बा भनिन्छ। 'सेन्ट्रलाइज्ड आस्बा' लाई छोटकरीमा सी-आस्बा भन्ने गरिन्छ। आस्बाको पूरा रूप 'एप्लिकेसन सपोर्टेड बाई ब्लक्ड एमाउन्ट' हो।

लगानीकर्ताले विभिन्न बैंकबाट आवेदन दिएपछि खातामा तोकिएको रकम रोक्का हुने र आवेदन एकीकृत भई बिक्री प्रबन्धकले पाउने भएकाले यसलाई सी-आस्बा प्रणाली भनिएको हो । यो प्रणालीमा बाँडफाँट भइसकेपछि सेयर नपरेको रकम खातामै फुकुवा हुन्छ।

# सम्पत्ति शुद्धिकरण विरुद्धको एशियाली प्यासिफिक टोली नेपाल आउँदै

काठमाण्डु । सम्पत्ति शुद्धिकरण विरुद्धको लागि बनेको एशियाली प्यासिफिक टोली (एपिजी)ले आगामी असोजमा भ्रमण गर्ने भएको छ। एपिजी अन्तरसरकारी संगठन हो।




बुधबार अर्थसमितिमा आयोजित सम्पत्ति शुद्धिकरण विषयमा भएको अन्तर्क्रियामा यस्तो जानकारी दिइएको हो।

एपिजीले असोज चार दिने र मंसिरमा १४ दिने स्थलगत अध्ययन गर्ने कार्यतालिका रहेको छ।

राष्ट्रिय जोखिम मूल्यांकन २०२० अनुसार भष्ट्राचार, कर छली, वित्तीय अपराध र हुण्डिलाई उच्च जोखिम क्षेत्रमा राखिएको छ।

लागुपद्धार्थ ओसार-पसार, संगठित अपराध, तस्करी, आन्तरिक आतंकवाद, नक्कली मुद्राको कारोबार लगायतलाई मध्यम जोखिमको रूपमा हेरिएको छ। अन्तराष्ट्रिय आतंकवाद, नक्कली वस्तुको उत्पादन तथा उत्पादनको गैरकानुनी प्रतिलिपि वा चोरी, भित्री कारोबार लगायतलाई न्यून जोखिमको रूपमा लिइएको छ।

नेपालले बैंकिङ क्षेत्रलाई संवेदशनशीलता र प्राथमिकताको आधारमा पहिलो स्थानमा राखेको छ।

अन्तराष्ट्रिय राष्ट्र जोखिम मार्गदर्शक (इन्टरनेशनल कन्ट्री रिक्स गाइड)का प्रावधानका आधारमा नेपाललाई सन् २०० ९ मा अन्तराष्ट्रिय निगरानीमा राखिएको थियो। सन् २०१४ मा यस्तो निगरानीबाट हटाइएको थियो।


सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति: २०७९/०५/१६

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय बर्दिबासबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति बि.सं. २०७९/०२/१३ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना र मिति वि.सं. २०७९/०४/०९ मा जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा सम्पूर्ण ऋणकर्जा चुक्ता भुक्तान गर्न १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय बर्दिबासमा दिउँसो १:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणीहरु, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

### तपसिल

**१. कर्जा शिर्षक : अधिविकर्ष कर्जा**

**ऋणीको नाम : श्री श्रेया ट्रेड एण्ड सप्लायर्स**
रजिष्टर्ड ठेगाना : वीरगंज-८,माईस्थान, पर्सा
रजिष्ट्रेसन नं. : ३५३६६/०७३/७४ (नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाण्ज्यि कार्यालय, बीरगंज)
पान नं. : ६०६०८३०४१

**फर्मको प्रोप्राइटर तथा जमानीकर्ताको नाम र ठेगाना**



**नाम : दिपक प्रसाद जयसवाल**
बाबु : नागेन्द्र चौधरी
बाजे : राम सरुप चौधरी
ठेगाना : औरही वडा न. ८, महोत्तरी
हाल : बिरगंज वडा न. ८, पर्सा
ना.प्र.नं : ०३३५३५३६
जारी मिति : बि.स. २०६०/०५/१६
जि.प्र.का. : महोत्तरी

**जमानीकर्ताहरुको नाम र ठेगाना**




**१) नाम : नागेन्द्र चौधरी**
बाबु : राम सरुप चौधरी
बाजे : बासु देव चौधरी
ठेगाना : औरही वडा न. ८, महोत्तरी
हाल : औरही न.पा. वडा न. १, महोत्तरी
ना.प्र.नं : ७३३६०९८१
जारी मिति : बि.स. २०३८/०९/२९
जि.प्र.का. : महोत्तरी



**२) नाम : फुल कुमारी देवी**
पति : नागेन्द्र चौधरी
ससुरा : राम सरुप चौधरी
ठेगाना : औरही वडा न. ८, महोत्तरी
हाल : औरही न.पा. वडा न. १, महोत्तरी
ना.प्र.नं : ०३३५२७८६
जारी मिति : वि.स. २०४८/०९/३०
जि.प्र.का. : महोत्तरी



**३) नाम : ममता कुमारी जयसवाल**
पति : दिपक प्रसाद जयसवाल
ससुरा : नागेन्द्र चौधरी
ठेगाना : बिरगंज वडा न. ८, पर्सा
हाल : बिरगंज उ.म.न.पा.वडा न. ८, पर्सा
ना.प्र.नं : ३२१००७/२८०६
जारी मिति : वि.स. २०६६/११/०४
जि.प्र.का. : रौतहतट



**४) नाम : बिवेक प्रसाद जयसवाल**
बाबु : नागेन्द्र चौधरी
बाजे : राम सरुप चौधरी
ठेगाना : औरही वडा न. १, महोत्तरी
हाल : औरही न.पा. वडा न. १, महोत्तरी
ना.प्र.नं : ०३३५३७५३
मिति : बि.स. २०६३/०४/०१
जि.प्र.का. : महोत्तरी

**धितो राखिएको सम्पत्तिको विवरण**

**१. धितो सुरक्षण धनीको नाम :- नागेन्द्र चौधरी**

| सि.नं | जिल्ला | न.पा./गा.वि.स. | वडा नं सिट नं. | कि.नं. | क्षेत्रफल (बि-क-धु) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | महोत्तरी | २५ न. बहादुरगञ्ज | ४/४च | ४५२ | ०-५-१६ १/२ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| २. | महोत्तरी | २५ न. बहादुरगञ्ज | ४/४च | २४४ | ०-११-१४-० | |

**२. कर्जा शिर्षक : सिटिजन्स मोर्गेज लोन आवधिक कर्जा**

**ऋणीहरुको नाम र ठेगाना**



**१) नाम : दिपक प्रसाद जयसवाल**
बाबु : नागेन्द्र चौधरी
बाजे : राम सरुप चौधरी
ठेगाना : औरही वडा न. ८, महोत्तरी
हाल : बिरगंज वडा न. ८, पर्सा
ना.प्र.नं : ०३३५३५३६
जारी मिति : बि.स. २०६०/०५/१६
जि.प्र.का. : महोत्तरी



**२) नाम : नागेन्द्र चौधरी**
बाबु : राम सरुप चौधरी
बाजे : बासु देव चौधरी
ठेगाना : औरही वडा न. ८, महोत्तरी
हाल : औरही न.पा. वडा न. १, महोत्तरी
ना.प्र.नं : ७३३६०९८१
जारी मिति : बि.स. २०३८/०९/२९
जि.प्र.का. : महोत्तरी

**जमानिकर्ताहरुको नाम र ठेगाना**



**१) नाम : फुल कुमारी देवी**
पति : नागेन्द्र चौधरी
ससुरा : राम सरुप चौधरी
ठेगाना : औरही वडा न. ८, महोत्तरी
हाल : औरही न.पा. वडा न. १, महोत्तरी
ना.प्र.नं : ०३३५२७८६
जारी मिति : वि.स. २०४८/०९/३०
जि.प्र.का. : महोत्तरी



**२) नाम : ममता कुमारी जयसवाल**
पति : दिपक प्रसाद जयसवाल
ससुरा : नागेन्द्र चौधरी
ठेगाना : बिरगंज वडा न. ८, पर्सा
हाल : बिरगंज उ.म.न.पा. वडा न. ८, पर्सा
ना.प्र.नं : ३२१००७/२८०६
जारी मिति : वि.स. २०६६/११/०४
जि.प्र.का. : रौतहतट



**३) नाम : बिवेक प्रसाद जयसवाल**
बाबु : नागेन्द्र चौधरी
बाजे : राम सरुप चौधरी
ठेगाना : औरही वडा न. १, महोत्तरी
हाल : औरही न.पा. वडा न. १, महोत्तरी
ना.प्र.नं : ०३३५३७५३
मिति : बि.स. २०६३/०४/०१
जि.प्र.का. : महोत्तरी

**धितो राखिएको सम्पत्तिको विवरण**

**धितो सुरक्षण धनीको नाम :-नागेन्द्र चौधरी**

| | | |
|---|---|---|
| सि.नं | १. | २. |
| जिल्ला | महोत्तरी | महोत्तरी |
| न.पा./गा.वि.स. | २५ न. बहादुरगञ्ज | २५ न. बहादुरगञ्ज |
| वडा नं/सिट नं. | ४/४च | ४/४च |
| कि.नं. | ४५२ | २४४ |
| क्षेत्रफल (बि-क-धु) | ०-५-१६ १/२ | ०-११-१४-० |
| कैफियत | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । | |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ वा शाखा कार्यालय बर्दिबासमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०७९/०५/३१ गते, शुक्रबार**
**समय :- दिउँसो १:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, बर्दिबास ।**

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank

# गरिब परिवार परिचयपत्र वितरण

**टुडे समाचारदाता**

बर्दिवास । भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री शशी श्रेष्ठले गरिबी निवारणका लागि आवश्यक सम्पूर्ण कामहरु सरकारले योजना बनाएर गर्न शुरु गरिसकेको बताएकी छन् ।

महोत्तरीको बर्दीवास नगरपालिका वडा नं. १२ बाट गरिब परिवार परिचयपत्र वितरण कार्यको बुधबार शुभारम्भ गर्दै मन्त्री श्रेष्ठले पहिचान कार्य सम्पन्न भएका २ लाख २३ हजार ३ सय ३० घरपरिवारलाई परिचयपत्र वितरण गर्ने कार्यको शुरुवात गरेको बताइन् ।

२३ जिल्लाका २ सय १४ स्थानीय तहहरुबाट ११ लाख ८ हजार ८ सय ३६ घर परिवारको तथ्यांक संकलन भइ २ लाख २३ हजार ३ सय ३० गरिब घरपरिवार पहिचान गर्ने कार्य सम्पन्न भई परिचयपत्र वितरणको कार्य शुभारम्भ गरिएको हो ।

मन्त्री श्रेष्ठले अहिलेको सरकार र मन्त्रालय तल्ला तहका नागरिकलाई रोजगारी सिर्जना गर्ने, सम्मानपूर्वक जीवनयापन गर्ने र नागरिकको जीवनस्तर कसरी उकास्ने भन्नेतर्फ ध्यान केन्द्रित गरेर काम गरिरहेको पनि बताइन् ।



**मन्त्रीद्वारा नापी कार्यालयको उद्घाटन**

कलैया । मन्त्री श्रेष्ठले बारा स्थित सिम्रौनगढमा मालपोत र नापी कार्यालयको उद्घाटन गर्दै सिंहदरबारको अधिकार गाउँघरमा ल्याउनुपर्छ भन्ने भनाइ बोलाईमा मात्र सीमित भएका कारण यसलाई ब्यहारमा पनि उतार्नुपर्नेमा जोड दिए ।

अहिले पनि राज्यको अधिकांश संरचनाहरु केन्द्रित भएका कारण यसलाई जनताको गाउँघर वा स्थानीय तहमा लग्नुपर्ने धारणा व्यक्त गर्दै मन्त्री श्रेष्ठले अरु मन्त्रालयले के गर्छ थाहा छैन् आफूले आफ्नो मन्त्रालयको हरेक गतिविधि प्रविधि युक्त बनाई गाउँघर सम्म पुर्‍याउन प्रतिवद्ध रहेको बताइन ।

सात वर्ष अगाडि सिम्रौनगढमा मालपोत र नापी कार्यालय ल्याउने निर्णय गरिएको भए पनि कार्यान्वयनमा ल्याउन नसकिरहेको खण्डमा आफूले यहाँको स्थानीयसँग सहकार्य गरेर ल्याएरै छाडेको बताइन ।

मन्त्री श्रेष्ठले घुस लिने र दिने दुबै दोषी हुने भएकाले यस्ता क्रियाकलापहरुलाई निरुत्साहित गर्नुपर्ने बताइन । नियमविपरीत कार्य गर्न कसैलाई पनि छुट नभएका कारण आफू स्वयम कानून ,नियमको अधिनमा रही काम गराउनुपर्ने यदि काम नगरेको खण्डमा त्यस्ता व्यक्ति वा संस्थालाई समाजमा सार्वजनिक गरिदिनुपर्ने बताइन ।

# तत्कालीन प्रजिअ गौतमसहित १३ जनामाथि भ्रष्टाचार मुद्दा दायर

**टुडे समाचारदाता**

काठमाण्डु । धनुषाका तत्कालीन प्रमुख जिल्ला अधिकारी (सीडीओ) एवं मुआब्जा निर्धारण समितिका अध्यक्ष बसन्तराज गौतमसहित १३ जनामाथि भ्रष्टाचार मुद्दा दायर गरिएको छ ।

सार्वजनिक सम्पत्ति हानीनोक्सानी गरी भ्रष्टाचार गरेको ठहर गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुधबार विशेष अदालतमा धनुषा तत्कालीन सीडीओ गौतम, गुठी संस्थान शाखा कार्यालय धनुषाका तत्कालीन कार्यालय प्रमुख राजबाबु पाण्डे, सहायक प्रशासक, वरिष्ठ लेखा सहायकसमेत १३ जनाउपर आरोपपत्र दायर गरेको छ ।

धनुषाको भरतपुर गाविस अन्तर्गत नेपाली सेनाको लागि अधिग्रहण भएको गुठीको स्वामित्व रहेको ज्गामा किर्ते मोही कायम गरी मुआब्जा वितरण गरी भ्रष्टाचार गरेको उनीहरुविरुद्ध उजुरी परेको थियो । उजुरी छानबिन गर्दा सरकारी सार्वजनिक निकाय गुठी संस्थानलाई नै प्राप्त हुनु पर्ने रकम किर्ते मोही खडा गरी मुआब्जा दिई उनीहरुले बदनियतसाथ १ करोड १४ लाख ६६ हजार ६ सय ६७ रुपैयाँ भ्रष्टाचार गरेको पुष्टि भएको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

पूर्वसीडीओ गौतममाथि १ करोड १४ लाख ६६ हजार ६ सय ६७ रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार ऐनबमोजिम कैद सजाय र असुलउपर गर्न माग दाबी गरिएको छ ।

त्यस्तै, गुठी संस्थान शाखा कार्यालय धनुषाका तत्कालीन कार्यालय प्रमुख राजबाबु पाण्डे, तत्कालीन सहायक प्रशासक मनोजकुमार शर्मा भनिने मनोजकुमार आचार्य र तत्कालीन वरिष्ठ लेखा सहायक हरिचन्द्र भुसालमाथि पनि १ करोड १४ लाख, ६६ हजार ६ सय ६७ कायम गरी भ्रष्टाचार निवारण ऐन बमोजिम जरिवाना गरी ऐनको दफा ३ (१)(झ) बमोजिम कैद सजाय हुन र उक्त बिगो सोही ऐनको दफा १७ बमोजिम उनीहरुवाट असुल उपर हुन सक्ने माग दाबी गरिएको छ ।

त्यस्तै, मुआव्जा रकम बुझ्ने गायत्रीदेवी जयसवाल र उनका छोरा शत्रुधन जयसवालले वास्तविकतालाई लुकाई छिपाई प्रचलित कानून प्रकृया विपरीत सिर्जित भएका मोहीयानी हकका प्रमाणपत्रका आधारमा पेश गरी/गराई सोको आधारमा सूर्यनारायण लालकर्णलई मुआव्जा दावी गर्न लगाई सो रकम बाँडफाँट गरेको आरोपमा तीनै जनामाथि समान २४ लाख ८३ हजार ३ सय ३३ रुपैयाँ बिगो सहित सजाय माग गरिएको छ ।

त्यस्तै सूर्यनारायण लालकर्णका भाई उपेन्द्रलाल कर्ण कायस्थ, श्रीमती विन्दादेवी कर्ण र छोरा मनोजलाल कर्णवाट २४ लाख ८३ हजार ३ सय ३३ रुपैयाँ बिगो असुल उपर गर्ने मागदावी गरिएको छ ।

**गुठी संस्थान शाखा कार्यालय धनुषाका तत्कालीन कार्यालय प्रमुख राजबाबु पाण्डे, तत्कालीन सहायक प्रशासक मनोजकुमार शर्मा भनिने मनोजकुमार आचार्य र तत्कालीन वरिष्ठ लेखा सहायक हरिचन्द्र भुसालमाथि पनि १ करोड १४ लाख, ६६ हजार ६ सय ६७ कायम गरी भ्रष्टाचार निवारण ऐन बमोजिम जरिवाना गरी ऐनको दफा ३ (१)(झ) बमोजिम कैद सजाय हुन र उक्त बिगो सोही ऐनको दफा १७ बमोजिम उनीहरुवाट असुल उपर हुन सक्ने माग दाबी गरिएको छ ।**

अख्तियारले विशेष अदालतमा दायर गरेको मुद्दामा जयसवालले गैर कानूनी रुपमा भुक्तानी लिएको मुआव्जा रकम गुठी संस्थानको नाममा फिर्ता गरी पाउँ भनी उच्च अदालत जनकपुरमा दायर भएको मुद्दामा जिल्ला अदालत धनुषाका तत्कालीन तामेल्दार डि.हविव साह, गुठी संस्थान शाखा कार्यालय धनुषाका तत्कालीन कार्यालय सहयोगी कामेश्वर राय र लेखापढी गर्ने प्रमोदकुमार कर्णले अदालतको कागजात हेरफेर गरेको आरोपमा कैद र जरिवाना मागदाबी गरिएको प्रवक्ता श्याम प्रसाद भण्डारीले जानकारी दिए ।

मुआव्जा दाबी गरी गैर कानूनी रुपमा भुक्तानी लिएको कारण उनीहरुवाट ८९ लाख ८३ हजार ३ सय ३४ रुपैयाँ बिगो सहित सजाय मागदाबी गरिएको छ ।

गुठी संस्थान शाखा कार्यालय धनुषाका तत्कालीन प्रमुख पाण्डे, सहायक प्रशासक आचार्य र भुसाल तथा उनीहरु संगा मिलेमतो गरी मुआव्जा भुक्तानी लिने जयसवालबीच विचौलियाको भूमिका निर्वाह गरेका सुमनकान्त ठाकुरमाथि ८९ लख ८३ हजार ३ सय ३४ रुपैयाँ बिगो सहित कैद सजायको मागदाबी गरिएको छ ।

सोही मुद्दामा मतियारका भूमिका निर्वाह गरेका उपेन्द्रलाल कर्ण कायस्थ र मनोजलाल कर्णले बनावटी मोहीयानी हकका प्रमाणपत्र

# तलबको पैसा मदरसालाई सहयोग

**टुडे समाचारदाता**

राजविराज । अस्त व्यस्त अवस्थामा रहेको मदरसालाई व्यवस्थित ढंगले संचालन गर्न मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवल किशोर साहले आफ्नो एक महिनाको तलब सुविधा सहयोग उपलब्ध गराएका छन् ।

बुधवार सप्तरीको कंचनरुप नगरपालिका-२ महादेव पट्टी स्थित दारुल कुरान मदरसाको निरीक्षणका क्रममा मन्त्री साहले आफनो एक महिनाको तलब सुविधा लगायतका रकम गरी ७१ हजार रुपैया मदरसालाई सहयोग उपलब्ध गराएका हुन् ।

उनी संगै पुगेका प्रतिनिधि सभा सदस्य डा.सूर्य नारायण यादवले पनि सो अवसरमा मदरसा व्यवस्थापनका लागी आफनो एक महिनाको तलब भत्ता सहयोग गर्ने घोषणा गरे ।

डा.यादवले सहयोग घोषणा गरेको रकम १/२ दिन भित्रै मदरसा व्यवस्थापन समितिको खातामा जम्मा गरिदिने प्रतिवद्धता जनाए ।

मन्त्री साह पछिल्लो समय जिल्लामा प्रदेश सरकारको सहयोगमा मन्दिर, मदरसा, विद्यालय भवन, सामुदायिक भवन, इदगाहा, खेलकुद भवन, धर्मशाला, स्वास्थ्य चौकी लगायतका संरचना निर्माणमा व्यस्त रहेका छन् । तीन महिनाको अवधिमा सप्तरीमा मात्र मन्त्री साहद्वारा २३ वटा नयाँ संरचनाको निर्माण कार्य पूरा भइ उद्घाटन समेत गरिसकिएको छ ।

सो अवसरमा मधेश प्रदेश आम संचार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव,जसपा कंचनरुप नगरपालिकाका अध्यक्ष सुदम्बर यादव, जसपाका नेता भोला पासवान लगायतको उपस्थिति रहेको थियो ।

# कुलो मर्मत गरी साढे तीन हजार बिघामा सिँचाइ

**टुडे समाचारदाता**

जनकपुरधाम । केही गाउँमा वर्षौ पुराना कुलो जीर्णाद्धार गरिएपछि किसानको सिँचाइको समस्या समाधान भएको छ ।

वर्षौं पुरानो कुलो जीर्णोद्धार गरेपछि अहिले किसानले सिँचाइको समस्या भोग्नुपरेको छैन । जनकपुरधाम उपमहानगरपालिकाकोसक्रियतामा३० वर्षपछि बिग्घी नदीमा बाँध बाँधेर पारम्परिक कुलोको जीर्णाद्धार गरिएपछि अहिले केही गाउँमा सिँचाइको समस्या हटेको छ ।

पर्याप्त वर्षा नहुँदा सबैले खेतमा रोपाइ गर्न नसकेका बेला कुलो जीर्णाद्धारपछि खेतमा पुगेको सिँचाइले जनकपुरधाम-२१ कुर्था, लक्ष्मीनियाँ गाउँपालिका-२ का दोहर र सिनुरजोडा तथा महोत्तरीको लोहारपट्टी नगरपालिकाका तपनपुर, महदैया र बसपिटीलगायत गाउँका खेतमा लगाइएको धानमा सिँचाइ पुगेको छ ।

जनकपुरधाम-२१ कुर्थाका किसान चित्रनारायण साहले भने ,दोहरदेखि कुर्थासम्म र दोहरभन्दा तलदेखि महोत्तरीको तपनपुर-महदैयासम्म कुलो खनिएको छ, पारम्परिक कुलोको जीर्णाद्धार गरेर खनिएको कुलोबाट खेत खेतमा पानी पुगेको छ।' आकाशे पानीको भरमा खेती गर्ने किसानलाई यसवर्ष समयमा मलखाद नपाउनुका साथै लामो समयसम्म पानी नपर्दा खडेरीको समस्या बल्झिने भएपछि उपमहानगर र किसानको सक्रियतामा सिँचाइ सम्भव भएको स्थानीयले बताए ।

कुलो जीर्णाद्धारपछि अहिले आठ किलोमिटर लामो कुलोबाट दोहरको एक सय बिघा, सिनुरजोडाको पाँच सय, तपनपुरको पाँच सय, महदैयाको पाँच सय, कुर्थाको एक हजार तीन सय र बिसपिटीको पाँच सय बिघा गरी कुल तीन हजार छ सय बिघामा सिँचाइ सुविधा उपलब्ध भएको छ ।

जनकपुरधाम-२१ का वडाध्यक्ष राजनारायण साहले आफू सानो हुँदा गाउँमा तीन बाली फलेको बाबु बाजेले सुनाउने गरेको बताउँदै भने, ३० वर्षयता बाँध बाँधिएको थिएन, चुनाव ताका हामीले बाँध र कुलोलाई चुनावी नारा नै बनायौँ, मतदाता पत्याए अनि नगरप्रमुखले विश्वास गरेपछि यो सम्भव भएको हो ।'

वडाध्यक्ष साहका अनुसार बाँध निर्माण र कुलो जीर्णोद्धारमा हालसम्म रु १८ लाख खर्च भएको छ । मुख्य खर्च डोजरबाट माटो खन्ने र पुर्ने काममा भएको हो । स्थानीयले पनि श्रमदान गरेका छन् ।

कमला सिँचाइ आयोजनाका पूर्व डिभिजनल इञ्जिनियर रत्नेश्वरलाल कर्णका अनुसार सुक्खामा पारम्परिक पद्धतिबाट मधेशका अधिकांश खेतीयोग्य जग्गामा सिँचाइ गर्न सकिन्छ ।

अधिकांश गाउँमा पारम्परिक कुलोका अवशेष पनि छन् । कर्णले सिँचाइको स्थायी संरचना निर्माण गर्दा पनि पुराना कुलोलाई नहरका रूपमा प्रयोग गर्न सके अझ राम्रो हुने सुझाव दिए।

# बालिकालाई भारततर्फ बेच्न लैजाँदै गर्दा बोर्डरबाटै तीन जना पक्राउ



**टुडे समाचादाता**

जनकपुरधाम । धनुषा प्रहरीले दुई बालिकालाई बेचबिखनका लागि भारत लग्दै गरेको अवस्थामा तीनजनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिका-७ कमलानगर टोल बस्ने २६ वर्षीय रूपेश कुमार मिश्र, वडा नम्बर-२३ लादोवेलाका २३ वर्षीय दिल महमद साह र महोत्तरीको मटिहानी नगरपालिका-२ विल्टाहा टोलकी २० वर्षीया रानी भन्ने मुस्कान मण्डल रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

जनकपुरधाम-जयनगर रेलबाट बुधबार उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिए ।

दुवै बालिकालाई डेराबाट ललाई-फकाई ईनर्वा रेल्वे स्टेशन हुँदै भारतको दिल्लीतर्फ बेचबिखन गर्ने उद्देश्यले लगिरहेको सूचना प्राप्त भएपछि इलाका प्रहरी कार्यालय खजुरीबाट खटेको प्रहरी टोलीले बालिकालाई उद्धार गरी उनीहरुलाई पक्राउ गरेको डिएसपी क्षेत्रीले जानकारी दिए । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

# मिटरब्याजी साहलाई पक्राउको माग गर्दैं प्रदर्शन

**टुडे समाचारदाता**

राजविराज । मिटरब्याजी प्रकरण अन्तर्गत ठगी तथा अपराधिक विश्वासघात मुद्दाका फरार प्रतिवादी भनिएका सप्तरीको खडक नगरपालिका ७ कल्याणपुरका रामदेव साहलाई पक्राउ गर्न माग गर्दै बुधवार सदरमुकाम राजविराजमा पीडितहरुले प्रदर्शन गरेका छन् ।

दुई महिनाको अवधिमा फरार आरोपि साहलाई पक्राउ गर्न




पीडितहरुद्वारा गरिएको यो ११ औं पटकको प्रदर्शन हो । यस अघि मिटरब्याजी साहबाट पीडित भएकाहरुद्वारा गठित संघर्ष समितिले १० पटक उनको पक्राउको माग गर्दै राजविराजमा प्रदर्शन गरिसकेका छन् ।

साहका छोरा नन्दकिशोर र छोरी अनुराधा भने २ महिना अघि नै पक्राउ परी ठगी तथा अपराधिक विश्वासघात मुद्दामा सप्तरी जिल्ला अदालतको आदेशबाट पुर्पक्षका लागि राजविराज कारागारमा छन् । उक्त मुद्दाका मुख्य अभियुक्त भनिएका रामदेव साह भने अझै फरार छन् ।

प्रहरीले भने रामदेवको खोजी कार्य व्यापक बनाइए पनि अहिले सम्म फेला नपरेको र लुकेर बसेको हुन सक्ने सम्भावित स्थानहरुमा खोज तलास कार्य जारी राखेको जनाउदै आएको छ ।

साह परिवार माथि जग्गा तथा सुनचाँदीको गरगहना बन्धकी राखेर चर्को मिटरब्याज असुली गर्ने र कतिपय व्यक्तिले लिएको ऋण र व्याज चुक्ता गरिसके पनि धितो फिर्ता नगरेको आरोप छ ।

शिव मन्दिर परिसरमा भेला भएका पीडितहरुले मिटरब्याजी साहलाई अविलम्ब पक्राउ गर, मिटरब्याज लिएर गरिब असहायलाई उठिवास गराउने साह परिवारलाई कारबाही गर लगायतका नाराबाजी गर्दै बजार क्षेत्र परिक्रमा गरेका थिए ।

# लागू औषधसहित एक युवक पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । सशस्त्र प्रहरीले लागू औषधसहित एक जना युवकलाई नियन्त्रणमा लिएको छ ।

सर्लाहीको लालबन्दी नगरपालिका वडा न-४ बस्ने नारायण कुशुवारको छोरा अन्दाजी १८ वर्षीय अनिष कुशुवारलाई कबिलासी नगरपालिका वडा न-७ गैर स्थित चेक प्वाइन्टबाट सशस्त्र प्रहरीको टोलीले पक्राउ गरेको हो ।

चेक प्वाइन्टमा खटिएको सशस्त्र प्रहरी टोलीले कुशुवारलाई पैदल आउँदै गरेको अवस्थामा शंका लागेर चेकजाँच गर्दा निजको साथबाट नाइट्रोभेट नामक लागू औषध १० पत्ता बरामद गरको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

# टिकटक एप बन्द गर्नुपर्ने माग

**टुडे समाचारदाता**

राजविराज । सप्तरीका युवाहरू टिकटक एप बन्द गर्ने अभियानमा जुटेका छन् ।

समाजमा अश्लिलता बढिरहेको भन्दै युवाहरूले सप्तरीको राजविराजमा बुधबार टिकटक एप बन्द गर्नका लागि प्रदर्शन गरेका थिए ।

विभिन्न ठाउँबाट टिकटक एप बन्दको आवाज आउन लागेका बेला टिकटक बन्द संघर्ष समिति सप्तरीद्वारा जिल्ला प्रशासन कार्यालय सप्तरी र जिल्ला प्रहरी कार्यालय सप्तरीमा बुधबार ज्ञापनपत्र बुझाएको संघर्ष समिति अभियानका जिल्ला संयोजक सच्चिदानन्द यादवले जानकारी दिए ।

प्रदर्शनमा उत्रेका युवाहरूले 'टिकटक बन्द गर', 'टिकटकमा अश्लिलता भिडियो बनाउनेलाई कारबाही गर', 'टिकटक भगाऊँ आफ्नो संस्कृति बचाऊ', '



टिकटक बन्द संघर्ष समिति जिन्दावाद'लगायतका नारासहित विरोध प्रदर्शन गरेका थिए ।

समाजमा अश्लिलताको सीमा नाघ्दै सामाजिक सञ्जालको व्यापक दुरुपयोग भइरहेको युवाहरूको आरोप छ । नेपालमा टिकटकमा सामाजिक विकृति मौलाउने खालका गतिविधिहरु अधिक नै बढ्न थालेपछि टिकटक बन्द संघर्ष समितिले ज्ञापनपत्र बुझाएका थिए । टिकटक प्लेटफर्ममा अश्लिलताबाहेक अन्य केही नदेखिएको भन्दै यसले समाजमा विकृति फैलाएको ठहर गर्दै यसलाई निषेध गर्न अपिल गरिएको छ ।

छिमेकी मुलुक भारतमा समेत टिकटकले गर्दा शैक्षिकस्तर खस्किन थालेपछि तथा झन विकृति फैलिन थालेपछि भारत सरकारले टिकटक बन्द गरेका थिए ।

# अन्तर्राष्ट्रिय मञ्जुदेवी भेट्रान कप फूटवल प्रतियोगिता

**टुडे समाचारदाता**

कलैया । बाराको सिमरामा नेपाल र भारतका क्लबको सहभागिता रहने गरी दोस्रो अन्तर ाष्ट्रिय मञ्जुदेवी भेट्रान कप फूटवल




प्रतियोगिता हुने भएको छ ।

क्लबले बुधबार सिमरामा आयोजना गरेको पत्रकार सम्मेलनमा प्रतियोगितामा दार्जीलिङ, कोलकत्ता, सिक्किम, धरान, चितवन, जावलाखेल, चन्द्रनिगाहपुर, नवलपरासी, विराटनगर, बुटवल, पोखराको दुई, वीरगञ्जको दुई र आयोजक क्लबको दुई टिमको सहभागिता रहने जानकारी दिइएको छ ।

सिमरा भेट्रान क्लबले भदौ २९ गतेदेखि असोज १ गतेसम्म प्रतियोगिताको आयोजना गर्न लागेको हो । सिमरा रंगशालामा हुने प्रतियोगितामा नेपाल र भारतका १६ टिमको सहभागिता रहनेछ ।

सिमराका युवा समाजसेवी श्यामबाबु गुप्ताको स्वर्गीय माता मन्जुदेवीको स्मृतिमा आयोजना गर्न लागिएको प्रतियोगिताको विजेताले एक लाख ५० हजार र उपविजेताले ७५ हजार नगद प्राप्त गर्नेछन् ।

प्रतियोगिता अवधिभरी उत्कृष्ट खेलप्रदर्शन गर्ने उत्कृष्ट गोलरक्षक, रक्षक, मिडफिल्ड, फरवार्डलाई समेत विधागत पुरस्कारबाट पुरस्कृत गरिने प्रतियोगिता संयोजक हरि चौधरीले बताए ।

प्रतियोगितामा ४० वर्ष उमेर भन्दा माथिका खेलाडी सहभागी हुनेछन् । चार दिनसम्म संचालन हुने प्रतियोगितामा दैनिक चार वटा सम्म खेल हुने बताइएको छ । प्रतियोगितामा कुल १० लाख ५० हजार खर्च लाग्ने अनुमान गरिएको क्लबका अध्यक्ष राज कपुर राउतले जानकारी दिए ।

**सफा र स्वच्छ पानी पिऔं, मुहानको संरक्षण गरौं ।**

- पानीको मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुङ्गी तथा अन्य जिवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- इन्टेक (मुल), प्रशोधन संयन्त्र तथा पानी भण्डारण गर्ने टयाङ्की नियमित रुपमा सफा गरौं ।
- घर वा सार्वजनिक स्थलका पानी टंयाकी, धाराको टुटी तथा पानी जम्मा गरिएका भाँडो नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८